का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ७

❐ २२ माघ २०७६, बुधबार

❐ 5 February 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक



ओडीआई यात्राः दुई वर्ष अगाडि एक दिवसीय अन्तर्राष्ट्रिय क्रिकेट (ओडीआई) मान्यता पाएको नेपालले आज ओमान विरूद्ध खेल्दैछ। यो खेल नै नेपालले खेल्ने पहिलो ओडीआई खेल हो। घरेलु मैदान कीर्तिपुरमा सिरिज शुरू हुनु अघिल्लो दिन नेपाल, अमेरिका र ओमानका कप्तान पत्रकार सम्मेलनमा। तस्बिरः अम्बर भण्डारी

## मृत्युदण्ड कुर्दै २५ नेपाली

### मलेसियामा १६ जना नेपालीलाई मृत्युदण्डको सजाय, ५ सय २६ पुरूष र १९ महिला विदेशको जेलमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

वैदेशिक रोजगारमा गएका २५ जना नेपाली मृत्युदण्ड कुर्दै बसेका छन्। विभिन्न आरोपमा मृत्यु दण्डको सजाय सुनाइएका उनीहरुका लागि नेपाल सरकारबाट कुनै पहल नभएको उनीहरुको आरोप छ। वैदेशिक रोजगार बोर्ड सचिवालयका अनुसार श्रम स्वीकृति लिएर विदेश गएका नेपालीमध्ये ५ सय ४५ जना विभिन्न अभियोगमा विदेशी जेलमा रहेका छन्। जसमध्ये ५ सय २६ पुरुष र १९ महिला छन्। बोर्डका अनुसार २५ जनालाई सम्बन्धित देशको अदालतले मृत्युदण्डको फैसला सुनाएको छ। यसैगरी, २ सय ६ जनालाई विभिन्न अवधिको कैद सजाय तोकिएको छ। जेलमै भए पनि सजाय तोकिन बाँकी २ सय ९४ जना रहेको बोर्डको तथ्यांकले देखाउँछ।

बोर्डको तथ्यांक अनुसार सबैभन्दा बढी मलेसियामा १६ जना नेपालीलाई मृत्युदण्डको सजाय सुनाइएको छ। साउदी अरबमा मृत्युदण्डको सजाय पाउने पाँच जना नेपाली छन्। यसैगरी, कुवेतमा तीन र यूएईमा एक जना नेपालीलाई मृत्युदण्डको सजाय तोकिएको छ। वैदेशिक रोजगारीमा गएका नेपालीमध्ये सबैभन्दा बढी २ सय ५ जना मलेसियाको जेलमा रहेका छन्। जसमध्ये १६ जनालाई अदालतले मृत्युदण्डको सजाए सुनाइएको बोर्डले जनाएको छ भने सजाय तोकिन बाँकी १ सय ९० जना छन्। यूएईको जेलमा १ सय ८५ नेपालीले सजाय भुक्तान गरिरहेका छन्। यीमध्ये एकजनालाई मृत्युदण्डको सजाय सुनाइएको छ भने आजीवन कारावास सजाय तोकिएका ४ जना नेपाली छन्। एक वर्षदेखि १५ वर्षसम्म जेल सजाय तोकिएका ५०, तीन महिना सजाय तोकिएका ७५, सजाय तोक्न बाँकी ४८ र जरिवाना तोकिएका सात जना रहेको बोर्डको तथ्यांकले देखाउँछ।

कुवेतमा ५८ जना नेपाली जेलमा रहेका छन्। जसमध्ये मृत्युदण्डको सजाय तोकिएका तीन जना छन् भने आजीवन कारावास तोकिएका ९ जना छन्। १० वर्षदेखि १५ वर्षसम्म जेल सजाय तोकिएका ४२ र सजाय तोक्न बाँकी ४ जना रहेको बोर्डले जनाएको छ।

यसैगरी, कतारको जेलमा ३५ जना नेपाली रहेका छन्। यीमध्ये आजीवन कारावास सजाए पाएका तीन, एक वर्षदेखि १५ वर्षसम्म जेल सजाय तोकिएका १३, सजाय तोक्न बाँकी १८ र जरिवाना तोकिएका एक जना छन्। साउदीको रियादस्थित जेलमा बाँकी पृष्ठ २ मा

## विप्लव विरुद्ध
# 'स्वीप अपरेशन'

### उपत्यकामा विप्लव समूहको चुनौती बढेको भन्दै फागुन १५ गतेसम्म कसैलाई बिदा नदिने र राजीनामा स्वीकृत समेत नगर्न निर्देशन प्रहरीलाई दिइएको छ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टी (विप्लव समूह) ले काठमाडौं उपत्यका केन्द्रीत अभियान थालेको जानकारी गृह मन्त्रालयले पाएपछि विप्लव समूह विरुद्ध विशेष अपरेशन सुरु भएको छ। अभियान सुरु भएलगतै विप्लव समूहका जनसम्पर्क समितिका केन्द्रीय कोषाध्यक्ष पक्राउ परेका छन्। काठमाडौं, ललितपुर र भक्तपुरमा तीनवटै प्रहरी परिसर र महानगरीय अपराध महाशाखाले विप्लव समूह विरुद्ध एकीकृत अभियान थालेको प्रहरीले जनाएको हो। प्रहरीका अनुसार विप्लव समूहका नेता-कार्यकर्ता खोज्न 'रुम सर्च अपरेसन'



र पक्राउ गर्न 'स्वीप' अपरेसन सुरु गरिएको छ। महानगरीय प्रहरी परिसर काठमाडौंका एसएसपी उत्तमराज सुवेदीले विप्लव समूह विरुद्ध विशेष अभियान थालिएको जनाएका छन्। 'विप्लव समूहको खोजीमा शंकामा रहेका स्थान, होटल, वर्कशपलगायत अपराधिक सेल्टर हुन सक्ने स्थानमा छापा हान्दै आएका छौं।' बाँकी पृष्ठ २ मा

### मुख्य चन्दा संकलनकर्ता पक्राउ

**काठमाडौं /मस–** प्रहरीले विशेष अपरेशन सुरु गरेलगतै प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टी 'विप्लव' समूहका कोषाध्यक्ष पक्राउ परेका छन्। प्रहरी स्रोतका अनुसार विप्लव समूहका लागि चन्दा संकलन गर्दै आएका अर्जुन कटुवाललाई पक्राउ गरिएको छ। विप्लव समूहको केन्द्रीय जनसम्पर्क समितिका कोषाध्यक्ष र हेभी इकुपमेन्ट महासंघका सचिवसमेत रहेका कटुवाललाई कलंकीस्थित उनकै कार्यालयबाट पक्राउ गरिएको हो। प्रहरीको विशेष ब्युरोका अनुसार कटवाल विप्लव, प्रवक्ता खड्गबहादुर विश्वकर्मालगायत शीर्ष नेताहरूसँग निरन्तर सम्पर्कमा थिए। सिन्धुली स्थायी घर भएका कटवाल बलम्बु (चुनदेवी) बस्दै आएका छन्।

प्रहरीले कटवालको चन्द्रागिरी नगरपालिका-१ बलम्बु (चुनदेवी)स्थित घरमा खानतलासी गरेको छ। प्रहरीका अनुसार उनको कार्यालयबाट चन्दा संकलन रसिद र चेकबुकलगायत सामग्री बरामद भएको छ। प्रहरीका अनुसार कटुवाल केही दिनअघि विभिन्न देशको भ्रमण गरेर नेपाल आएका थिए। ती देशहरुमा पनि विप्लव समूहसँग सम्बन्धीत गतिविधि भएको वा नभएको विषयमा प्रहरीले अनुसन्धान थालेको छ।

## गर्भपतनमा थरी थरीका कानून

**केशर धामी**
काठमाडौं, २१ माघ

सामान्यतः १२ हप्तासम्मको गर्भपतनलाई सामान्य मानिन्छ। नेपालमा यतिबेला चलनचल्ती पनि १२ हप्ता अर्थात तीन महिनासम्मको गर्भपतनलाई सामान्य मानिदैं आएको छ। नेपालको कानूनले यो अधिकार समेत महिलालाई दिएको छ। तर, त्यही कानूनले सात महिनासम्मको नवजात शिशु मार्न पनि छुट दिएको छ भन्दा अचम्म लाग्न सक्छ।

जुन कानूनको आधारमा टेकेर नेपालमा गर्भपतन गराईन्छ त्यही कानूनले २८ हप्तासम्मको गर्भपतन गराउन छूट दिएको छ। 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले सात महिनासम्मको गर्भपतन गराउन छुट दिएको हो।

'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को परिच्छेद-४ मा सुरक्षित गर्भपतनसम्बन्धि व्यवस्था गरिएको छ। गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यान खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा



विकलाङ्ग बच्चा जन्मछ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरी, जवर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एच.आई.भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिला तथा भ्रूणमा कमीकमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, बंशाणुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा अट्ठाईस हप्तासम्मको गर्भलाई पतन गराउन सकिने व्यवस्था छ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा महिलाको मञ्जुरीले विभिन्न अवस्थामा १८ हप्तासम्मको गर्भपतन गराउन सक्ने व्यवस्था छ। ऐनमा गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने, शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्ने, इजाजत प्राप्त चिकित्सकले विकलाङ्ग बच्चा जन्मन्छ भनी राय दिएमा त्यस्ती महिलाको मञ्जुरीमा गर्भपतन गराउन सकिने व्यवस्था छ।तर, पछिल्लो प्रावधान अनुसार २८ हप्तासम्म सुरक्षित बाँकी पृष्ठ २ मा

## फोरम चुनाव : कांग्रेसले खटायो केन्द्रीय प्रतिनिधि
# आकांक्षी धेरै, सर्वसम्मतीको प्रयास

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

नेपाली कांग्रेसले सुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको दशौं साधारणसभाका लागि केन्द्रीय सदस्य एवं पूर्व श्रम तथा रोजगार मन्त्री रमेश लेखकलाई केन्द्रीय प्रतिनिधिका रुपमा खटाएको छ। यही माघ २४ गते हुने फोरमको दशौं साधारणसभा पश्चात हुने नयाँ नेतृत्वको प्रतिश्पर्धा तीव्र रुपमा चलेको अवस्थामा कांग्रेसले सहमतिका आधारमा नेतृत्व चयन गराउने म्याण्डेट सहित पूर्व मन्त्री लेखकलाई प्रतिनिधि खटाएको बताइएको छ।

फोरमको साधारणसभा उद्घाटन पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबाट हुने छ। केन्द्रीय प्रतिनिधि लेखकले फोरमको आगामी नेतृत्व सहमतिका आधारमा चयन गर्न फोरमका पूर्व अध्यक्षहरु तथा सल्लाहकारहरुसँग बुधबार छलफल गर्ने भएका छन्।

यसैबीच फोरमको मंगलबार सम्पन्न वर्तमान कार्यसमितिको अन्तिम बैठकले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष कमल देव मल्लको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ। समितिमा अधिवक्ता सन्देश राजभण्डारी र अधिवक्ता समेत रहेका व्यवसायी बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### विभागको महानिर्देशकमा दाहाल



**काठमाडौं/मस–** सरकारले वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग सरुवा गरेसँगै विभागको नयाँ महानिर्देशकबारे व्यापक चासो बढेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विभागको महानिर्देशकमा कुमार दाहाललाई नियुक्त गरेको मन्त्रालय श्रोतले बतायो।

विभागका महानिर्देशक डा. भूसाल अख्तियार सरुवा भएसँगै राष्ट्रिय सूचना आयोगका सहसचिव दाहाल मन्त्रालयमा आएका थिए। विभागबाट सरुवा भएका डा. भूसाल भने मंगलबार नै विभागबाट बिदा भएका छन्।

### संसद्मा जरुरी प्रस्ताव दर्ता

**काठमाडौं/मस–** नेपाली युवायुवतीहरुका लागि आन्तरिक रोजगारीको प्रबन्ध गर्दै वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान गर्न निर्देशनको लागि प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता भएको छ। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको छाया सरकारकी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको जिम्मेवारीमा रहेकी सांसद् डिला संग्रौलाले मंगलबार उक्त प्रस्ताव दर्ता गराएकी हुन्।

सांसद संग्रौलाले विभिन्न कारण उल्लेख गर्दै उक्त सार्वजनिक महत्वको प्रस्तावमा छलफल हुनुपर्ने उल्लेख गरेकी छन्। सांसद संग्रौलाको प्रस्तावमा नेपाली कांग्रेसका सांसद्द्वय सञ्जय गौतम र बाँकी पृष्ठ २ मा

## लाभांशमा चलखेल
# एनसेलपछि युनिलिभर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

दुर सञ्चार सेवा प्रदायक कम्पनी एनसेल पछि बहुराष्ट्रिय कम्पनी युनिलिभरको लाभांस विवाद सुरु भएको छ। युनिलिभरले विदेश लैजान खोजेको २ करोड बढी रोयल्टी रोकिएको छ। अहिले लाभांश अर्थात् रोयल्टीमार्फत पैसा जैलान आवेदन दिने युनिलिभर मात्रै नभएर अन्य कम्पनीहरु पनि देखिएका छन्। चालू आर्थिक वर्षको हालसम्म आवेदन दिने कम्पनीहरुमा गोर्खा ब्रुअरी १ अर्ब १ करोड, चीनको हुवावे टेक्नोलोजी नेपाल प्रालिले १३ करोड, सोल्टी होटल लिमिटेडले करिब १ अर्ब, बर्जर जोन्सन एण्ड निकोलस नेपाल प्रालिले ९५ करोड, यति ब्रुअरीले ८ लाख ७२ हजार, युनिलिभर नेपाल लिमिटेडले २ करोड ६ लाख ५७ हजार ९ सय ५३ रूपैयाँ लैजान माग गरिरहेका छन्। त्यस्तै ओरियन्टल होटलले ४५ लाख रूपैयाँ देवयानी इन्टरनेशनल नेपाल प्रालिले १५ लाख ६१ यसैगरी ट्रान्स नेपाल फ्राइज्ट सर्भिसले ४१ लाख ४२ हजार, टाइगर वन प्रालिले २७ लाख ३७ हजार, हिमालय इन्काउन्टर्स प्रालिले ४ करोड ८७ लाख, भोटेकोशी पावर कम्पनी प्रालिले लाभांशबापतको ४६ लाख ७ हजार रूपैयाँ लैजान माग आवेदन दिएका छन्।

यता हिन्दुस्तान युनिलिभरको लगानी रहेको नेपाल युनिलिभरले रोयल्टीबापत विदेश लैजान लागेको २ करोड ६ लाख ५७ हजार ९ सय ५३ रुपैयाँ रोकिएको हो। प्रक्रियागत रुपमा रकम लैजान नपाउने भएपछि कम्पनीले उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, नेपाल राष्ट्र बैंकमा दौडधूप तीव्र पारेको छ। रोयल्टीबापतको रकम लान आवेदन दिए पनि सरकारी निकायले प्रक्रियागत कारण देखाउँदै रोकेका छन्।

लाभांश तथा रोयल्टीमार्फतको रकम विदेश लानको बाँकी पृष्ठ २ मा

तु-आवश्यकता

मेनेजर - १ जना (महिला/पुरुष)
एकाउन्टेण्ट - १ जना (महिला/पुरुष)

आइ.एम.एस. म्यानपावर प्रा. लि.
Email: info@imsmanpower.com

VACANCY

A Reputed Foreign Employment Agency is looking For suitable candidates for the given post:

| SN | POSITIONS | NO. | QUALIFICATION |
|---|---|---|---|
| 1. | Office Secretary (Female) | 1 | 2-3 years Experience in Related Field |
| 2. | Documentation Officer (Female) | 1 | 2-3 years Experience in Related Field |
| 3. | Accountant (Female) | 1 | Experience in Related Field with accounting knowledge. |

Salary & benefit negotiable for deserving candidates.
Qualified & Experienced candidates are requested to send their updated CV within 7 days in the following Email.

TANGENT International Services Pvt. Ltd.
Maharajgunj, near Chhapakarkhana, Kathmandu, Nepal
Tel: 4434822, 4436822
Email: tangentint.nepal@gmail.com



# बालुवाटारमा सारंगी साँझ : ओलीले बजाए बाँसुरी

काठमाडौं/२१ मस-मंगलबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सारंगी साँझ भएको छ । मदन भण्डारी कला साहित्य प्रतिष्ठान र नेपाल नाट्य प्रज्ञा प्रतिष्ठानको सहकार्यमा बालुवाटारमा सांगीतिक साँझ भएको हो ।

राष्ट्रिय मिडियाका सम्पादकसँगको अन्तरक्रियापछि प्रधानमन्त्री केपी ओली सांगीतिक साँझमा सहभागी भएको प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिए ।

'यो सारंगी साँझ हो', थापाले भने, 'सम्पादकसँगको अन्तरक्रियापछि प्रधानमन्त्रीलगायत अन्य पूर्वप्रधानमन्त्री सांगीतिक साँझमा सहभागी हुनु भएको हो।'

सांगीतिक साँझमा प्रधानमन्त्री ओलीले बजाएको बाँसुरीको धुनमा उपस्थित सबै चकित भएका थिए। ओलीले बाँसुरी बजाउँदा नेकपा वरिष्ठ नेता एवम् पूर्वप्रधानमन्त्रीद्वय माधव नेपाल र झलनाथ खनालले सारंगी बजाएका थिए । सारंगी साँझमा नेकपाका शीर्ष नेता र प्रतिष्ठित कलाकार सहभागी थिए ।

माघ १९ गते राति सांसद र पार्टीका केन्द्रीय सदस्यहरुलाई रात्रि भोज दिएलगत्तै ओलीले बालुवाटारमा अर्को राजनीतिक जमघट गरेका हुन् । कार्यक्रममा ९ सदस्यीय नेकपा केन्द्रीय सचिवालयका सदस्यहरु, प्रधानमन्त्री ओली, मन्त्रीहरु सहभागी थिए ।

## विप्लव...

उनले भने 'यसबाहेक काठमाडौं भित्रिने नाकामा कुकुरसहितको चेकजाँचलगायतका काम गरेका छौं ।' प्रहरी स्रोतका अनुसार सूचना संकलनमा पनि प्रहरी सक्रिय भएको छ ।

अपरेशनमा सक्रिय एक प्रहरी अधिकारीले भने, 'कुनै एक क्षेत्रलाई कभर गरेर त्यो क्षेत्रभित्र रहेका आशंकामा रहेकालाई चेकजाँच गर्ने, शंका लागेमा नियन्त्रणमा लिने काम 'स्वीप अपरेसन'बाट गर्दैछौं । 'रुम सर्च अपरेसन'मा भने निश्चित क्षेत्रभित्र रहेका होटलमा हुँदैछ । विप्लव समूहका नेता-कार्यकर्ता खोज्न प्रहरीले डेरामा बस्नेहरुको कोठा खानतलासी समेत गरिदैछ ।'

विभिन्न जिल्लाबाट काठमाडौंमा आएर डेरामा बस्नेहरुको कोठामा विप्लव समूहका नेता-कार्यकर्ता बस्दै आएको प्रहरीको बुझाई छ । उपत्यकामा विप्लव समूहको चुनौती बढेको भन्दै फागुन १५ गतेसम्म कसैलाई बिदा नदिने र राजीनामा स्वीकृतसमेत नगर्न निर्देशन प्रहरीलाई दिइएको छ । महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीले जनशक्ति अभाव हुने भन्दै बिदा र राजीनामा स्वीकृत नगर्न महाततका कार्यालयहरुलाई निर्देशन दिएको प्रहरी स्रोतको भनाई छ ।

गृहमन्त्रालयले पाएको सूचनामा काठमाडौं उपत्यकामा प्रभाव देखाउनसके आफूहरुको चर्चा बढ्ने र त्यसले चन्दा संकलनमा सहयोग पुग्ने विप्लव समूहको बुझाई रहेको छ। पछिल्लो समय उपत्यका बाहिरबाट विप्लव समूहले नेता-कार्यकर्ता काठमाडौं ल्याएको प्रहरी स्रोतको दाबी छ । एक प्रहरी अधिकारीले भने, 'नयाँ अनुहार हुँदा शंकामा नपर्ने भएकाले कालिकोट, जाजरकोट र सुदूरपश्चिमबाट विप्लव समूहको नयाँ टिम काठमाडौं प्रवेश भएको छ । त्यही सूचनाका आधारमा प्रहरीले सुरक्षा सतर्कता बढाएको छ ।'

## मृत्युदण्ड...

रहेका २३ जना नेपालीमध्ये मृत्युदण्डको सजाय तोकिएका ५ जना छन् । १० वर्षभन्दा कम जेल सजाय तोकिएका एक, सजाय तोकिन बाँकी ११ र जरिवाना तोकिएका ६ जना छन् ।

बोर्डको तथ्यांक अनुसार साउदी अरबकै जेद्दा जेलमा रहेका ३१ नेपालीमध्ये १० वर्षभन्दा कम जेल सजाय तोकिएका एक, सजाय तोकिन बाँकी २६ र जरिवाना तोकिएका चार जना रहेका छन् । बहराइनको जेलमा पाँच नेपालीले सजाय काटिरहेका छन् । उनीहरुलाई १० वर्षदेखि २५ वर्षसम्म कैद सजाय सुनाइएको छ । यसैगरी, ओमनको जेलमा रहेका तीन जना नेपालीलाई १० वर्षदेखि २५ वर्षसम्म जेल सजाय तोकिएको छ ।

## गर्भपतनमा...

गर्भपतन गर्न पाउने भनी व्यवस्था गरिएको हो । पुरानो ऐनमा भएको १८ हप्तासम्म गर्भपतन गर्न पाउने व्यवस्था संशोधन गर्न आवश्यक रहेको भए पनि २८ हप्ता पुर्‍याउनुमा गलत नियत देखिएको चिकित्सकहरुको भनाइ छ । प्रसूति गृहका निर्देशक, प्रसूति तथा स्त्रीरोग विशेषज्ञ प्रा.डा. जागेश्वर गौतमले भने २० हप्तापछिको गर्भपतन गराउनै नमिल्ने बताउँछन् । कानुन बनाउँदैमा २८ हप्ताको अनिच्छित गर्भपतन गर्नैपर्छ भन्ने नरहेको उनको तर्क छ । यो प्रावधानले बच्चाको बाँच्न पाउने अधिकारको हनन भएको उनी बताउँछन् । 'ऐनको सो प्रावधान संवेदनाहीन र अमानवीय छ । मानवताविरोधी कानुन बन्दैमा स्वीकार गर्नुपर्छ भन्ने छैन ।' उनले भने । स्त्रीरोग तथा प्रसूति विशेषज्ञ समाज (नेसोग) का अध्यक्ष तथा स्त्रीरोग विशेषज्ञ प्रा.डा. गणेश दंगाल यो प्रावधानले भ्रुण हत्यालाई प्रश्रय दिने बताउँछन् । 'यसले माहिलाको स्वास्थ्यमासमेत गम्भीर असर पुर्‍याउँछ । यो मान्न सकिन्न ।' उनले भने ।

उनी यो प्रावधान डाक्टरलाई फँसाउन ल्याइएको जस्तो देखिएको बताउँछन् । यो विषयमा धेरैले अनविज्ञता प्रकट गर्दै आएका छन् । ऐन बनाउने निकाय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारी उक्त ऐनमा यस्तो प्रावधान समावेश गरिएकोबारे जानकारी नरहेको जनाउँछन् । मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले ऐनमा रहेको त्यो प्रावधान हटाउनुपर्ने बताए । चिकित्सकहरूले २८ हप्तापछि बच्चा जन्मनुलाई डेलिभरी नै मान्छन् । यसलाई गर्भपतन भन्न पाइन्न । २८ हप्ता पुगेको भ्रूण शिशु बनिसकेको हुन्छ । २८ हप्तामा डेलिभरी भए त्यो बच्चा बाँच्न सक्ने सम्भावना बढी हुने भएकाले यसलाई पतन गर्नु अपराध नै मानिने प्रा.डा. दंगालको भनाइ छ ।

सामान्यतः विश्वव्यापी रुपमा हेर्दा २० हप्तासम्मको गर्भ तथा भ्रूणको तौल पाँच सय ग्राम भएको अवस्थासम्मलाई गर्भपतन मानिन्छ । विश्व स्वास्थ्य संगठनले समेत २८ हप्ताबाट २२ हप्तामा गर्भपतनको व्यवस्था झारिसकेको छ । विश्व स्वास्थ्य संगठनले गर्भवतीको शारीरिक तथा मानसिक समस्या निम्तिने जोखिम भए, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ २२ हप्तासम्मको गर्भपतन गराउन सकिने जनाएको छ । चिकित्सकहरूले यो प्रावधान तत्काल सच्याउनुपर्नेमा जोड दिन्छन् । एकातिर अपराध संहिताले नै १८ हप्तासम्मको गर्भपतन मात्र कानूनी मानेको छ । यस्तो अवस्थामा त्यो भन्दा माथिको गर्भपतन अपराध मानिने भन्दै चिकित्सकहरूले तत्काल यो प्रावधान सच्याउन माग गरेका हुन् ।

## लाभांशमा..

लागि उक्त कम्पनीको दर्ता म्याद कम्तीमा ६ महिना हुनुपर्ने कानुनी व्यवस्था छ । तर युनिलिभर नेपालको म्याद सकिन अब ३ महिना पनि बाँकी छैन। यो अवस्थामा हाललाई उक्त रकम लैजान नमिल्ने भएको हो । कम्पनीको यो वर्षको लाभांशमार्फतको रकम पनि रोकिने भएको छ । तर यसलाई प्रक्रियागत रुपमा सहज गरिदिन कम्पनीले मन्त्रालयदेखि राष्ट्र बैंकसम्मलाई आग्रह गरिरहेको छ । प्रक्रियागत कठिनाइका बाबजुद युनिलिभरले दौडधूप गरे पनि प्रक्रिया छलेर रकम लान गाह्रो छ । यदि युनिलिभरलाई २ करोड रुपैयाँ अहिले लान दिने हो भने यो कानुनी व्यवस्था नै परिवर्तन गर्नुपर्ने उद्योग मन्त्रालयका एक अधिकारी बताउँछन् ।

युनिलिभर नेपालमा बढी नाफा कमाउने कम्पनीमा पर्दछ । यो कम्पनीले गत वर्ष मात्रै ९६ करोड ५० लाख रुपैयाँ कमाएको थियो । यो कम्पनीमा हिन्दुस्तान युनिलिभरको ८० प्रतिशत लगानी छ । उक्त कम्पनीमा नेपाली पार्टनर कम्पनी श्रीविक्रम ल्याण्ड एण्ड इन्ड्रष्टिजको ५ प्रतिशत र सर्वसाधारणको १५ प्रतिशत सेयर लगानी छ। हिन्दुस्तान लिभरले नेपालमा २०४९ सालमा करिब ८ करोड लगानीमा यो कम्पनी सञ्चालनमा आएको हो । नेपालमा बहुराष्ट्रिय कम्पनीअन्तर्गत रहेको यो कम्पनीले साबुन, स्याम्पो, भ्यासलिन, क्रिम पाउडर, ग्रिन टी, सुपलगायतका वस्तु उत्पादन गर्दै आएको छ ।

## फोरम...

त्रिलोकचन्द विश्वास सदस्य तोकिएका छन् ।

फोरम कार्यसमितिले फोरमको विधान संशोधन गरी कार्यसमितिमा तृतीय उपाध्यक्ष र सहसचिव गरी दुई पद थप गर्ने निर्णय समेत गरेको छ । फोरमको निर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुने व्यवस्था रहेको छ ।

फोरमको विधान अनुसार हाल अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष सहित ७ पदाधिकारी र १४ जना कार्यकारी सदस्यहरु सहित २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ । अब त्यो संख्या २३ पुग्ने छ । तर कार्यसमितिका ९ पदाधिकारी र दश सदस्य सहित १९ जनाको निर्वाचन हुन्छ । बाँकी ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ ।

फोरमले बुधबार यस सम्वन्धी जानकारी नेपाली कांग्रेस मुख्यालय पठाउने निर्णय गरेको कार्यवाहक अध्यक्ष सुजित श्रेष्ठले जानकारी दिए । त्यसैगरी फोरमले सदस्यता नवीकरण र नयाँ सदस्यता प्रदान गर्ने काम बुधबार साँझसम्म जारी राख्ने निर्णय गरेको छ । फोरमको सदस्य बन्ने आकांक्षीहरुको चाहनालाई ध्यानमा राखी समय थप गरिएको बताउँदै कार्यवाहक अध्यक्ष श्रेष्ठले मंगलबार साँझसम्म सम्पर्क गरेका व्यवसायीहरुलाई मात्र नयाँ सदस्यता प्रदान गर्ने र पुराना सदस्यको नवीकरण गरिने निर्णय समेत भएको जानकारी दिए ।

साधारणसभाको तयारीसँगै नेतृत्वका आकांक्षीहरुको सक्रियता अनपेक्षित रुपमा बढेको छ । अध्यक्षमा चार जना व्यवसायी उच्च रुपमा सक्रिय देखिएका छन् । अध्यक्षका लागि फोरमका पूर्व वरिष्ठ उपाध्यक्ष नरेन्द्र ढकाल, नेपाल वैदेशिक रोजगार संघका पूर्व द्वितीय उपाध्यक्ष भुवनसिं गुरुङ, पूर्व वरिष्ठ उपध्यक्ष ऋषि शर्मा, फोरम सल्लाहकार सीता देवाकोटा सक्रिय रहेका हुन् । वर्तमान महासचिव तारानाथ अर्यालको नामपनि अध्यक्षका लागि सार्वजनिक भएको भएपनि उनी वरिष्ठ उपाध्यक्षमा प्रतिश्पर्धा गर्ने योजनामा रहेको बताए । वरिष्ठ उपाध्यक्षमा रमेश राई र थीरमणी पौडेल पनि उत्रिएका छन् भने उपाध्यक्षमा जनक खड्का, सोम तामाङ र राजेश गौतमबीच प्रतिश्पर्धा हुने सम्भावना रहेको छ ।

त्यस्तै महासचिवमा भवानी निरौला, नारायण पराजुली, कृष्ण कुमार जैसी, चिरञ्जवी बस्याल चर्चामा रहेका छन् । सचिवमा व्यवसायी कमल काफ्ले, प्रकाश वोहरा र भोजराज भुसालले उम्मेद्वारी दिने बताएका छन् । नयाँ सिर्जना गरिएको सहसचिवमा बुधबारबाट चर्चा शुरु हुने अपेक्षा छ ।

यसैगरी कोषाध्यक्षमा इन्द्र आचार्यको नाम चर्चामा रहेको छ । नेतृत्वमा आकांक्षीहरुले कांग्रेसको जिल्ला राजनीति देखि फोरमलाई दिएको योगदान, निरन्तरता र सक्रियतालाई अगाडि राख्दै प्रतिश्पर्धी भन्दा आफ्नो उम्मेद्वारी प्रभावकारी हुने भन्दै औचित्य स्थापित गर्ने प्रयास गरिरहेका छन् ।

फोरमका तर्फबाट कांग्रेसको महाधिवेशनमा तीन जना व्यवसायीले प्रतिनिधित्व पाउने व्यवस्था रहेको छ । यसले पनि प्रतिश्पर्धालाई पेचिलो बनाउन भूमिका खेलेको आंकलन गरिएको छ ।

## संसदमा...

रामबहादुर विष्टको समर्थन रहेको छ ।

मंगलबार दर्ता गरिएको प्रस्तावमा वैदेशिक रोजगारीका क्रममा नेपाली कामदारहरुले भोग्नु परेका समस्या समाधान गर्न, सरकारका तर्फबाट प्रदान गरिने राहत कार्यक्रहरुलाई प्रभावकारी र व्यवस्थित बनाउन, वैदेशिक रोजगारीका क्षेत्रमा रहेका समस्याहरूको दीर्घकालीन समाधान खोज्न र वैदेशिक रोजगारीका क्रममा विभिन्न देशका अस्पतालमा कोमामा वर्षौंदेखि उपचार गराइरहेका कामदारको उपचार, अवस्था अनुसार आश्रित परिवारलाई आर्थिक सहयोग र रोजगारीको अवसर प्रदान गर्न विशेष निर्देशन दिनुपर्ने उल्लेख छ ।

'विगत एक दशक भित्र सात हजार ३ सय ९० जना नेपाली युवाले आफ्नो प्राण विदेशमा त्याग्नु परेको सत्यसँग हामी सबै परिचित छौं । अपितु, विदेशमा रोजगारीकै क्रममा हुने अकाल मृत्युवरण न्यूनीकरणका लागि राज्य पक्षबाट भएका सघन पहलहरूका सम्बन्धमा सम्मानित सदनमा जानकारी दिइनुपर्ने आवश्यकता मैले महसुस गरेकी छु,' प्रस्तावमा भनिएको छ ।

त्यसैगरी वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका कामदार हरुको तथ्यांक विश्लेषण गरी जोखिम न्यून गर्ने विषयमा कदम चाल्न निर्देशन दिनुपर्ने विषय पनि प्रस्तावमा रहेको छ । नेपाल सरकार र मलेसिया सरकारबीच भएको सम्झौता अनुसार शून्य लागतमा नेपाली कामदार पठाउने व्यवस्था मिलाउन निर्देशन दिन प्रस्तावमा माग गरिएको छ ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ७१ बमोजिम दर्ता भएको उक्त सार्वजनिक महत्वको प्रस्ताव माथि छलफल चलाउन सम्बन्धित मन्त्रीसँग परामर्श गरी छलफलको दिन र समय तोक्ने व्यवस्था रहेको छ । छलफलको मिति तय भएपछि बढीमा दुई घण्टा छलफलको समय तोकिने व्यवस्था गरिएको छ । छलफलमा उठका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिने व्यवस्था छ ।

सांसद् संग्रौलाले संसद्को गत अधिवेशनमा पनि वैदेशिक रोजगार सुधारका लागि विशेष निर्देशनको प्रस्ताव गर्दै यस्तै जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रतिनिधिसभामा दर्ता गराएकी थिइन् । तर उक्त प्रस्तावमा छलफल हुन सकेको थिएन ।

## प्रदेश २ वार्षिकोत्सव :

# भित्र खुसीयाली, बाहिर धर्ना

**जनकपुरधाम/मस-** मंगलबार दिउँसो दुई नम्बर प्रदेशले स्थापना दिवस मनाइरहेको थियो । प्रदेशसभाको प्राङ्गणमा खुसीयाली र धुमधामका साथ वर्षिकोत्सव मनाइँदै थियो । मुख्यमन्त्री, मन्त्री, सभामुख एवं सांसदहरु खुसीयाली साटासाटमा व्यस्त थिए ।




नयाँ-नयाँ थरीथरीका लुगामा सबै सजिएका थिए । तर, प्रदेशसभाको मुल गेटमै भित्रभन्दा पृथक दृश्य थियो । सबै आक्रोशित देखिन्थे । उनीहरूले असक्षम सरकार, निकम्मा मन्त्री राजीनामा दे, हम्मर किड्नी लेलिय, उपभोक्ताके भुक्तानी देदिय लगायतका नारा लेखिएका प्लेकार्ड बोकेर धर्ना दिइरहेका थिए । प्रदेश सरकारका मन्त्रीहरुबिरुद्ध नारावाजी गर्दै धर्नामा बसिरहेका थिए, प्रदेश सरकारका संसदीय विकास कोषमार्फत विभिन्न विकासे काम गरेका उपभोक्ता समितिका पदाधिकारीहरू ।

पछिल्लो आर्थिक वर्षमा सम्पन्न योजनाहरुको भुक्तानी सरकारले हालसम्म नगरेको भन्दै उपभोक्ता समितिका पदाधिकारीहरुले प्रदेशसभा गेट बाहिर धर्ना दिएका थिए ।

सरकारसँग भएको सम्झौताअनुसार आफूहरुले काम गरे पनि हालसम्म भुक्तानी नपाएको भन्दै उनीहरू प्रदेश सरकारविरुद्ध आन्दोलन गर्दै आएका छन् । आफुहरुले गरेको कामको भुक्तानी गर्न नसक्ने मुख्यमन्त्री तथा मन्त्रीहरुले राजीनामा दिनुपर्ने उनीहरुको माग छ ।

सरकारले बक्यौता रकम भुक्तानी नगरेपछि आफूहरु ठूलो समस्यामा परेको उपभोक्ता संघर्ष समितिका रोशनसिंह राणाले बताए । भुक्तानीको सम्बन्धमा मुख्यमन्त्रीदेखि सम्बन्धित मन्त्रीहरुले पटक पटक आश्वासनमात्र दिने गरेको उनको आरोप छ । उनीहरुले भुक्तानीको माग गर्दै यसअघि भौतिक पूर्वाधार कार्यालयमा तालाबन्दी गर्नुका साथै केहि मन्त्रीहरुको तस्वीरमा जुत्ता समेत प्रहार गरेर विरोधका कार्यक्रम समेत गरेका थिए ।

गत आर्थिक वर्षमा सम्पन्न भएका ८ सय ४२ योजनाहरु मध्ये उपभोक्ताहरुको ८६ करोड रुपैयाँ भुक्तानी हुन बाँकी छ ।

# 'समृद्धि र विकासका लागि शान्ति'

**पोखरा/मस-** गण्डकी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले बौद्ध दर्शनलाई व्यावहारिक रुपमा अनुसरण र कार्यान्वयन गर्न सके त्यसले विश्वमा शान्ति स्थापना गर्न सकिने बताएका छन् ।

नेपाल पर्वतारोहण संघद्वारा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा मंगलबारदेखि शुरु तीन दिने विश्वशान्ति पूजाको पोखरामा उद्घाटन गर्दै उनले मुलुकमा देखिएको गरिबी र बेरोजगारी जस्ता समस्या समाधानका लागि शान्ति आवश्यक छ भने ।

प्रदेशसभा सदस्य इन्द्रधारा विष्टले चोखो मनले गरिने हरेक



गतिविधिले विश्वमा शान्ति एवं समृद्धि प्राप्त गर्न सहयोग पुग्ने बताउँदै बौद्ध दर्शनलाई आत्मसात गर्नुपर्ने बताए । विश्वशान्ति पूजा आयोजक समितिका संयोजक हरिध्वज तुलाचनले पूजाले राष्ट्रिय एकता कायम गर्न प्रेरणा दिने बताउँदै एक मानवले अर्को मानवलाई सहयोग गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा पर्यटन विभागका मीरा आचार्य, शान्ति पूजा आयोजक समितिका सहसंयोजक राजेन्द्र सापकोटा, पोखरा पर्यटन परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेल, नेपाल पर्वतारोहण सङ्घका दिनेश गुरुङ, पोखरा १७ का अध्यक्ष तीर्थ अधिकारीलगायतले विश्वमा शान्ति स्थापना गर्न यस्ता धार्मिक कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राखे ।

रिन्पोछे महायोगी श्रीधर राणासहित ६० बढी लामा गुरुबाट शान्ति कामनासहित गरिने प्रवचनमा ५०० भन्दा बढी बुद्ध दर्शनसँग सम्बन्धित पुस्तक वाचन गरिनेछ । यसअघि लुम्बिनीबाट ल्याइएको शान्तिदीप प्रदेश प्रमुख शेरचनले लिएर शान्ति र्‍यालीमा सहभागी बनेका थिए ।

हल्लनचोकबाट शुरु भएको शान्ति र्‍याली बाराहीचोक, रत्नमन्दिर, अम्बोट, सहिदचोक, मुस्ताङचोक, आँखा अस्पतालचोक हुँदै पर्वतीय संग्रहालयमा पुगेर धार्मिकसभामा परिणत भएको थियो । र्‍यालीमा सहभागी आमा समूह, टोल विकास संस्था, लामा गुरु, जनप्रतिनिधिले बुद्ध दर्शनका पुस्तक काङग्युर तथा तेन्ग्यूर टाउँकोमा राखेर शान्तिको सन्देश दिएको थिए ।

# डडेल्धुरा र डोटीमा विस्तार हुँदै स्वास्थ्य बीमा कार्यक्रम

**विमलबहादुर विष्ट/रासस**
डोटी, २१ माघ

सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला डडेल्धुरा र डोटीमा चार वर्षपछि बल्ल स्वास्थ्य बीमा कार्यक्रम लागू हुने भएको छ । सुदूरपश्चिमका नौवटै जिल्लाका नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउने उद्देश्यले शुरु भएको स्वास्थ्य बीमा कार्यक्रम यी दुई जिल्लामा चार वर्षपछि बल्ल लागू हुने भएको छ । आउँदो फागुन १ गतेबाट यहाँका दुई वटा जिल्लामा एकै साथ उक्त कार्यक्रम लागू हुने भएको हो ।

स्वास्थ्य बीमामा आबद्ध हुनका लागि प्रति पाँच परिवारले वार्षिक रु तीन हजार ५०० तिर्नुपर्ने र पछि उनीहरु बिरामी भए रु एक लाख बराबरको निःशुल्क औषधि पाउने व्यवस्था मिलाइएको छ । सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये हालसम्म सात जिल्लामा मात्रै उक्त कार्यक्रम लागू भएको थियो । सरकारले देशभरीका ४८८ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरेपनि सुदूरपश्चिमका डडेल्धुरा र डोटीमा भने अहिलेसम्म लागू भएको थिएन । नेपाल सरकारले विसं २०७२ चैत २५ गतेबाट पहिलो पटक सुदूरपश्चिमको कैलाली जिल्लाबाट यो कार्यक्रमको शुभारम्भ गरेको थियो ।

सबै नागरिकलाई स्वास्थ्य बीमामा समावेश गराउने उद्देश्य अनुरुप डडेल्धुरा र डोटीमा पनि उक्त कार्यक्रम लागू गरिन लागेको सुदूरपश्चिम क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय दिपायल राजपुरका डा भुषण मिश्रले बताए । उनले भने, 'सुदूरपश्चिममा सम्पूर्ण नागरिकलाई स्वास्थ्य सेवा दिने उद्देश्यले स्वास्थ्य बीमामा समावेश गराउँदैछौं, डडेल्धुरा र डोटीमा पनि कार्यक्रम लागू भए यो प्रदेशको नौवटै जिल्लामा उक्त कार्यक्रम सञ्चालन हुनेछ ।' डडेल्धुरा र डोटीमा स्वास्थ्य बीमा कार्यक्रम लागू गर्नका लागि सुदूरपश्चिम प्रदेश सरकार तथा क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय दिपायलले सम्पूर्ण तयारी पूरा गरिसकेको डा मिश्रले जानकारी दिए ।

त्यसैगरी यहाँका स्वास्थ्य स्वयंसेविकाको भने निःशुल्क स्वास्थ्य बीमा गरिने भएको छ । राष्ट्रिय बीमा बोर्डले महिला स्वास्थ्य स्वयंसेविकालाई ५० प्रतिशत छुटमा समावेश गर्ने नीति लिएको छ भने थप ५० प्रतिशत रकम सुदूरपश्चिम प्रदेश सरकारले व्यवस्थापन गर्ने स्वास्थ्य सेवा निर्देशनालय दिपायल राजपुरका निर्देशक डा गुणराज अवस्थीले बताए ।

सुदूरपश्चिम प्रदेशका सात जिल्लामा लागू भएको उक्त कार्यक्रममा हालसम्म कूल जनसंख्याको १२ प्रतिशत मात्रै आबद्ध भएको स्वास्थ्य सेवा निर्देशनालय दिपायल राजपुरले जनाएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७६/०८/०४ मा दर्ता भएको **प्रा.लि. नं. २२८६५७** को **प्रिसियस क्राफ्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**श्री त्रिभुवन विश्वविद्यालय**
**मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुरको सूचना**
मानवशास्त्र केन्द्रीय विभागको कार्यालय तथा कक्षा कोठाहरु फर्निसिङ गर्ने सम्बन्धमा मिति २०७६।१०।१६ गते यसै दैनिकमा प्रकाशित सिलवन्द कोटेशन आव्हान गरिएको सूचना प्राविधिक कारणले हाललाई स्थगित गरिएको छ ।
**मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर**



**सामुह बाहिर काठ विक्रि सम्बन्धी सूचना**
यस सामुदायिक वनबाट उत्पादन भई विभिन्न समुहमा ग्रेडिङ गरी घाटगद्दीमा विभिन्न ग्रेडिङमा संकलन गरिएको लट नं. १ को साल थान ७३ को ४९१.४० क्युफिट, लट नं २ को साल थान ३७ को २९४.०० क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वाकम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टाँस गरिएको छ ।
**श्री जाल्पादेबी सामुदायीक वन उपभोक्ता समुह**
**त्रि.न.पा १६ उदयपुर**

# कोरोना त्रास : परीक्षण गराउने बढ्दो




**काठमाडौं/मस–** चीनबाट सुरु भएको नोबेल कोरोना भाइरसको संक्रमण नेपालमा पनि देखिएपछि सर्वसाधारणमा त्रास बढेको छ । जसका कारण सामान्य रुघाखोकी लागेका मानिस पनि कोरोनाको आशंकामा परीक्षणका लागि अस्पताल पुग्ने गरेका छन् ।

चीनमा देखिएको नोबल कोरोना भाइरस नेपाल, भारत, अमेरीका, जापान लगायत २४ देशमा देखिएको छ । जसका कारण जनमानसमा यो भाइरसलाई लिएर त्रास बढेको हो । विश्वभर फैलिएको कोरोनाका कारण नेपालमा पनि कोरोना भाइरस परीक्षणका लागि अस्पताल पुग्नेको संख्या बढेको टेकु अस्पतालको भनाइ छ ।

नोबल कोरोना भाइरसको सुरुवाती लक्षण रुघाखोकी हो । रुघाखोकी लागेको १ हप्तामा कोरोना भाइरसका अन्य लक्षण देखिन थाल्छ । तर हाल देखिएको कोरोना भाइरसका कारण समान्य मौसमी रुघाखोकी लाग्न साथ कोरोना परीक्षण गराउन आवश्यक नभएको चिकित्सकहरुको भनाइ छ । कोरोना भाइरस चीनमा देखापरेका कारण चीनबाट आउने व्यतिलाई मात्र यो भाइरसको संक्रमणको जोखिम भएकाले यहीँ बसेका मानिसले रुघाखोकी लाग्दैमा डराउनु नपर्ने चिकित्सकहरु बताउँछन् ।

छोटो अवधिमै नोबल कारोना भाइरस चीनभर तथा अन्य मुलकमा समेत फैलिएपछि विश्व स्वास्थ्य संगठनले स्वास्थ्य आपतकालको घोषणा समेत गरिसकेको छ । जसका कारण नेपालमा चीनबाट आउने स्वदेशी तथा विदेशी नागरिलाई १४ दिनसम्म निगरानीमा राख्ने व्यवस्था गरिएको छ । तर नेपालमा कोरोना संक्रमणको जोखिम न्यून रहेकाले त्रास भन्दा पनि सवाधानी अपनाउनु पर्ने चिकित्सकहरुको सुझाव छ ।

कोरोना भाइरसका कारण चीन बाहिर फिलिपिन्स र हङकङमा समेत एक/एक जनाको मृत्यु भइसकेको छ । यो सँगै मंगलबारसम्म चीनमा यस संक्रमणबाट मृत्यु हुनेको संख्या ४२५ पुगिसकेको समाचार संस्था एएफपीले जनाएको छ । यस भाइरसबाट संक्रमण भएका २ हजार १४३ जनाको अवस्था गम्भीर रहेको बताइएको छ । भाइरस संक्रमण ३९६ जनालाई अस्पतालबाट घर फर्काइएको छ । चीनको हुबेइ प्रान्तको वुहानमा गएको डिसेम्बरमा पहिलोपटक नोवेल कोरोना भाइरसको संक्रमण देखिएको थियो ।

यसैबीच चीनमा रहेका नेपाली नागरिकलाई स्वदेश फर्काउने सम्पूर्ण तयारी पूरा भएको सरकारले बताएको छ । चीनबाट फर्काइन लागिएको नेपालीलाई विमानस्थलमा पनि विशेष सुरक्षाको प्रविधि अपनाएका स्वास्थ्य प्राविधिकले १४ दिन क्वारेन्टाइनमा राख्ने बताइएको छ । चीनबाट फर्काइएकाहरुलाई राख्ने ठाउँमा सकेसम्म एक जनालाई एउटा कोठामा र सम्भव नभए कम्तीमा ६ फिट टाढा राख्ने पनि सरकारको तयारी छ । सरकारले संक्रामक रोग र प्राकृतिक प्रकोपको बेलामा तत्काल उपचार गर्न ३ सय शैयासम्मको अस्पताल बनाउने समेत तयारी गरेको बताइएको छ ।

# अजिता हत्या प्रकरण : ५ अभियुक्त सार्वजनिक



**मकवानपुर/मस–** मकवानपुर प्रहरीले तेस्रोलिङ्गी अजिता भुजेलको हत्यामा संलग्न ५ जनालाई सार्वजनिक गरेको छ । प्रहरीले मंगलबार पत्रकार सम्मेलन गरी हेटौंडा उपमहानगरपालिका-११ की २९ वर्षीया अजिताको हत्यामा संलग्न रहेको भन्दै ५ जनालाई सार्वजनिक गरेको हो ।

माघ ४ गते राति करिब १ बजेको समयमा अजिताको घाँटीमा तारले बेरिएको र अर्धनग्न अवस्थामा हेटौंडा ५ क्याम्पाडाँडामा शव फेला परेको थियो । हत्या अभियोगमा प्रहरीले पक्राउ गरी हेटौंडा-९ का १८ वर्षीय सिमोन परियार, हेटौंडा-११ की २० वर्षीया एलिसा पाखिन, हेटौंडा-४ का २५ वर्षीय सुशील थापा मगर, २४ वर्षीय आशिष बल र २१ वर्षीय बुद्ध लामालाई सार्वजनिक गरेको हो ।

प्रहरीका अनुसार ना ६ ख ६५२७ नम्बरको ट्रकका सहचालक परियार र थापा मगरले अजितासँग हेटौंडा-११ थानाभञ्याङमा ७ हजार रूपैयाँ दिएर यौनसम्पर्क गरेको र केही समयपछि विवाद भएपछि उनीहरूसहित ४ जनाले हत्या गरेका थिए । हत्या गरेर शव ट्रकमै राखेर क्याम्पाडाँडामा फालेको प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिए ।

हत्यापछि अजिताको मोबाइल परियारले बुद्ध लामाको साथी आशिषलाई दिएका थिए । आशिषले आफ्नी श्रीमती एलिसालाई दिएका थिए । सोही मोबाइल अन भएपछि मोबाइल लोकेशनको आधारमा प्रहरीले सबैलाई पक्राउ गरेको हो । महानगरीय प्रहरी महाशाखा टेकु र मकवानपुर प्रहरीको टोलीको अनुसन्धानबाट अभियुक्तलाई पक्राउ गर्न सफल भएको प्रहरी उपरीक्षक राठौरले जानकारी दिए ।

# जलाइएको शव फेला



**झापा/मस–** झापाको बिर्तामोड नगरपालिका- २ चारपाने नजिकै खेतमा मंगलवार एक व्यक्तिको शव फेला परेपछि प्रहरीले तीनजनालाई सोधपुछका लागि नियन्त्रणमा लिएको छ । चारपाने निवासी रहमान शेखका ज्वाइँ हराएको र नजिकै खेतमा पुरुषको शव जलेको अवस्थामा फेला परेपछि रहमानसहित उनकी श्रीमती र छोरी सुषमालाई इलाका प्रहरी कार्यालय अनारमनीले सोधपुछका लागि नियन्त्रणमा लिएको हो ।

तीनै जनासँग सोधपुछ भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । सुषमाका श्रीमान हराउनु र परालमा जलेको अवस्थामा शव भेटिएको सन्दर्भमा उनीहरुलाई सोधपुछका लागि नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए । उनले भने, 'जलेका व्यक्तिको हुलिया खुल्न नसकेर थप अनुसन्धानका लागि संघीय एकाइ प्रहरी कार्यालय धरानबाट तालीम प्राप्त कुकुर झिकाएर अहिले अनुसन्धान भइरहेको छ ।'

स्थानीय ऐनकुमार राजवंशीको खेतमा राखेको परालमा सोमबार राति १२ बजेदेखि आगो लागेको थियो । सोही ठाउँमा जलेको अवस्थामा शव भेटिएको प्रहरी उपरीक्षक श्रेष्ठले भने, 'घटनाको विषयमा अनुसन्धान हुँदै छ । शव परीक्षणका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाउँन लागेका छौं ।'

# नेपालको संविधान प्रगतिशील र समावेशी छ : जापान



**काठमाडौं/मस–** सभामुख अग्निप्रसाद सापकोटालाई नेपालका लागि जापानी राजदूत मासामिचो साइगोले बधाई तथा शुभकामना व्यक्त गरेका छन् । सङ्घीय संसद् सचिवालयस्थित सभामुखको कार्यालयमा पुगेर राजदूत साइगोले जापानी, जापान सरकार र त्यहाँको संसद् डायटका तर्फबाट सभामुख सापकोटालाई सफल कार्यकालका लागि बधाई ज्ञापन गरेका हुन् ।

भेटवार्तामा उनीहरुबीच दुई देशबीचको सम्बन्ध र आपसी हितका विविध पक्षमा विचारविमर्श भएको सभामुखको निजी सचिवालयबाट थाहा भएको छ । नेपालको आर्थिक विकासमा महत्वपूर्ण साझेदार जापानले खासगरी पूर्वाधार निर्माण, प्रविधि हस्तान्तरण र शिक्षाका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको छ । संसदीय प्रतिनिधिमण्डलबाट बेलाबेलामा हुने भ्रमणले दुई देशबीच छ दशक लामो सम्बन्धलाई थप प्रगाढ तुल्याउन योगदान पुऱ्याउँदै आएको विषयमा पनि उनीहरुले स्मरण गरेका थिए ।

भेटका अवसरमा सभामुख सापकोटाले नेपालको विकासमा जापानबाट प्राप्त निरन्तर सहयोगप्रति धन्यवाद ज्ञापन गरे । राजदूत साइगोले केही समयअघि जापानी संसदीय महिला प्रतिनिधिमण्डलबाट भएको नेपाल भ्रमणको प्रसंग उल्लेख गर्दै नेपालको संविधान प्रगतिशील र समावेशिताका हिसाबले उच्च कोटिको रहेको प्रतिक्रिया आफूले पाएको बताए । यसअघि उनी सभामुखमा निर्वाचित भएकोमा भारत र चीनका तर्फबाट बधाई ज्ञापन गरिएको थियो ।

# एमसीसीलाई अतिरञ्जित र प्रायोजित बनाइयो : परराष्ट्रमन्त्री

**गुल्मी/मस–** परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले एमसीसीविरुद्ध बाहिर आएका कुरा अनावश्यक, अतिरञ्जित र प्रायोजित भएको बताएका छन् । उनले सरकारले देश र जनताको हितलाई केन्द्रविन्दुमा राखेर यस विषयलाई उठान गरेको छ भन्दै बजारमा अनावश्यक विषयमा बहस गरेर मित्र राष्टसँगको सम्बन्धलाई कसैले पनि तीतो बनाउन नहुने बताए ।

मंगलबारदेखि गुल्मीमा शुरु भएको स्वास्थ्य बीमा घोषणा कार्यक्रमका सन्दर्भमा गृहजिल्ला आएका परराष्ट्रमन्त्री ज्ञवालीले प्रेस संगठन नेपाल गुल्मीले सदरमुकाम तम्घासमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा नेपालको राष्ट्रिय हित, जनताको लाभ र देशको विकास जेमा हुन्छ सरकार त्यसैमा अघि बढ्ने छ भन्दै एमसीसीको विस्तृत रूप



(फुलफर्म) थाहा नभएकाहरुले यसका विरुद्धमा बजारमा बहस शुरु गरेको टिप्पणी गरे ।

उनले चुइँगम चपाउँदा रस सकिएर दाँतमा टाँसिने र त्यसको कुनै स्वाद नहुने जस्तै प्रकृतिको बहस एमसीसीका बारेमा अहिले बजारमा चलिरहेको बताए । पार्टीहरु लोकतन्त्रका आधारस्तम्भ भएको भन्दै उनले पार्टीहरु कमजोर हुँदा लोकतन्त्रसमेत कमजोर हुने बताए । दुई वर्षको कार्यसम्पादनबाट वर्तमान सरकारको आत्मविश्वास बढ्दै गएको छ भन्दै मन्त्री ज्ञवालीले नेकपा अहिलेको सर्वाधिक लोकप्रिय दलका रूपमा स्थापित भएकोसमेत जिकिर गरे ।

जनताको वर्षौंदेखिको समृद्धिको सपना यही सरकारले पूरा गर्ने बताउँदै मन्त्री ज्ञवालीले त्यसमा कोही पनि द्विविधामा नपर्न आग्रह गरे । नेपाली जनताले वर्तमान सरकारलाई ठूलो जिम्मेवारी सुम्पिएको छ भन्दै उनले उक्त जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्न सरकार दृढ रहेको बताए ।

# भ्रष्टाचार अन्त्य गर्न माग

**काठमाडौं/मस–** नेपाल राष्ट्रिय सनातन पार्टीले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलन गरी पछिल्लो समयमा हरेक क्षेत्रमा कमिशन र भ्रष्टाचारको खेल मौलाउँदै गएको आरोप लगाएको छ । गाँस, बास कपास, पूर्वाधार विकासलगायत जनताका समस्या ज्यूँका त्यूँ रहेको भन्दै भ्रष्टाचारमा संलग्न व्यक्तिलाई कारवाही गरी विकासमा केन्द्रित हुन सरकारसँग सो पार्टीले आग्रह गरेको हो ।




पार्टीका अध्यक्ष गोविन्दप्रसाद रिजालले भने, 'सत्ताका लागि हुने अस्वस्थ प्रतिस्पर्धा, राष्ट्रिय गौरवको आयोजनामा देखिएको कमिशनको खेल, सरकारी निकायमा देखिएको भ्रष्टाचारले सुशासन कायम हुन सकेको छैन ।'

सो पार्टीले यही माघ ५ गते निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र प्राप्त गरेको थियो । रिजालको नेतृत्वमा २१ सदस्यीय केन्द्रीय समिति गठन भएको छ । पार्टीको उपाध्यक्षमा शंकर थापा र विष्णुप्रसाद शिवाकोटी, महासचिवमा गणेश घिमिरे, सचिवमा प्रज्जवलकान्त मैनाली र कोषाध्यक्षमा अनिता शर्मा छन् ।

# वडाध्यक्ष धामी मृतावस्थामा फेला, हत्याको आशंका



**अछाम/मस–** पञ्चदेवल विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर धामी मृतावस्थामा भेटिएका छन् । उनको शव मंगलबार विहान विनायक बजारबाट ३० मिनेटको दूरीमा रहेको गैरीगाउँको गोठमा भेटिएको थियो ।

'गाईवस्तु बाँध्ने गोठमा रगताम्य अवस्थामा शव फालिएको छ,' जिल्ला प्रहरी कार्यालय अछामका प्रहरी निरीक्षक रमेशदत्त अवस्थीले भने, 'प्रारम्भिक अनुसन्धानअनुसार हत्या नै भएको पुष्टि हुन्छ, तर कसले किन हत्या गरेको भन्ने कुरा खुल्न सकेको छैन, हामी अनुसन्धानमै छौं ।'

उनका अनुसार घटनाका बारेमा प्रहरीलाई मंगलबार बिहान साढे ६ बजे जानकारी प्राप्त भएको थियो । जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक दीपक भारतीसहितको टोली घटनास्थलमा पुगेको थियो । अनुसन्धानमा आफ्नो संयन्त्र परिचालन गरिसकिएको र धनगढीबाट तालीमप्राप्त कुकुरसहितको टोली आइसकेको उनले जानकारी दिए । मृतक धामी शिक्षक पेशाबाट राजीनामा गरी नेपाली काँग्रेसका तर्फबाट वडाध्यक्षमा निर्वाचित भएका थिए ।

# सुन तस्करीको अभियोगमा पक्राउ

**मोरङ/मस–** सुन तस्करी गरेको अभियोगमा मोरङ प्रहरीले एक भारतीयलाई मंगलबार पक्राउ गरेको छ । भारत विहार राज्यको कटिहार ग्राम पञ्चायत वडा नं २० निवासी ६२ वर्षीय चन्दन भौमिकलाई विराटनगर भन्सार ढोकामा पक्राउ गरिएको हो ।

अभियुक्त भौमिकलाई सुनका दुई चुरासहित नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक मानबहादुर राईले जानकारी दिए ।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.


✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाईं सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# ओडिआई यात्रा

अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेको २२ वर्ष पछाडि सन् २०१८ मा नेपाल चार वर्षका लागि एक दिवसीय अन्तर्राष्ट्रिय क्रिकेट (ओडीआई) मान्यता प्राप्त देश बन्यो । जहानीय निरङ्कुश राणा परिवारको शासन चलिरहँदा मनोरञ्जनको साधनका रूपमा नेपालमा क्रिकेट भित्रिएको थियो । लामो समय घराना परिवारमा सीमित नेपाली क्रिकेटले सन् १९९६ पछाडि अन्तर ष्ट्रिय जगतमा राष्ट्रिय ध्वजा फहराउन थाल्यो । सन् २०१० यता भने नेपाली क्रिकेटले जुन गति लिएको छ, यसले आम खेलका रूपमा विकास हुने अवसर समेत सिर्जना गरेको छ ।

बिस्तारै क्रिकेट नेपालको प्रमुख खेलका रूपमा विकसित भइरहेको छ । फुटबल, भलिबल जस्ता लोकप्रिय खेललाई नेपाली क्रिकेटले बिस्तारै छायाँमा पार्दै लगेको छ । त्यसको प्रमुख कारण भने नेपाली क्रिकेटले गरेको प्रगती नै हो । धेरैले नेपाली क्रिकेटको यो प्रगतीलाई क्रिकेटरहरूकै प्रयत्नको परिणाम मान्छन् । हुन पनि नेपाली क्रिकेटको अभिभावक संस्था नेपाल क्रिकेट संघ (क्यान) आईसीसीको निलम्बनमा रहेकै अवस्थामा जिम्बाबेमा सम्पन्न खेलमार्फत नेपालले ओडिआईको मान्यता पाएको थियो ।

यस पछिको दुई वर्षमा नेपालले दुई वटा मैत्रीपूर्ण सिरिज खेलेको छ । नेदरल्याण्ड र यूएईसँग खेलेको सिरिजमा नेपाल पराजित भएको छैन । तर, अब भने चुनौतीको यात्रा शुरू हुनेछ । आज घरेलु मैदान कीर्तिपुरमा अमेरिका र ओमानसँगको सिरिज मार्फत् नेपालले विश्वकप क्रिकेट लिग टूको यात्रा शुरू गर्दैछ । पहिलो खेल ओमानसँग हुनेछ । नेपालका लागि यो सिरिज निकै महत्वपूर्ण छ । किनभने, नेपालले बाँकी दुई वर्षमा खेल्ने ३६ खेलबाट थप यात्रा तय हुनेछ ।

अहिले क्यान फुकुवा भइसकेको भए पनि नयाँ कप्तानका रूपमा ज्ञानेन्द्र मल्ल छन् । दश वर्षे नेतृत्वबाट पारस खड्काले राजीनामा दिएको र प्रमुख प्रशिक्षक उमेश पटवालले पनि राजीनामा दिएको अवस्थामा यो सिरिज जिते नेपाली क्रिकेटरको मनोवल समेत उच्च हुनेछ । भुल्न नहुने तथ्य भनेको क्रिकेट अहिले घराना परिवारको खेल होइन, सिंगो देशलाई राष्ट्रियताको एउटै डोरीमा बाध्ने खेल बनिसकेको छ । सँगै, अन्तर्राष्ट्रिय एक्स्पोजर मार्फत् मुलकको अर्थतन्त्रमा बलियो टेवा पुऱ्याउने माध्यम बनिसकेको क्रिकेट यात्रालाई हलुवका रूपमा लिन सकिन्न । अझ भ्रमण वर्ष-२०२० को अवधिभर देशको नाम चिनाउन पनि क्रिकेटले सामर्थ्य बनाइसकेको छ । त्यसैले, ओडीआई यात्रालाई थप फलदायी बनाउन क्रिकेटसँग जोडिएको क्षेत्रलाई गम्भीरतापूर्वक लिन आवश्यक छ ।

## सामाजिक सञ्जाल



हजार राम्रा गुणहरूको प्रशंसा गर्न नसक्नेहरू मात्र एक गल्तीमा कति कोकोहोलो गर्छन । मान्छे कतिखेर र कहाँनीर अरूलाई खसाल्न र छिर्के हान्न पाईन्छ भनेर मौका हेरेर बस्छ! जमाना बहुत कमिना छ हो ।

- कल्पना भण्डारी



नेपाली पत्रिकाहरूले सेलेब्रटीरअन्य कसैको बारेमा लेख्दा 'जिनमै व्यापार' 'रगतमै संगीत' जस्ता शीर्षक नराखीदिए हुने । यस्ता शीर्षकले परिवारिक पेशा भनेको 'जिन, रगत वा वंशाणुगत रूपले निर्धारण' गर्ने रहेछ भन्ने गलत सन्देश जान्छ ।

– जनक राई



सानो छँदा भूतले तर्साउँथ्यो, ठूलो भए पछि भविष्यले तर्साउँदै छ ।

– प्रशान्त प्रधान



भन्दा अत्युक्ति लाग्न सक्छ, तर नेपालको राजनीतिक, आर्थिक र सामाजिक मुद्धमा 'बौद्धिक' जमात र 'सत्ता–मिडिया' जति बरालिएको छ, त्यति त म मेरो जवानीमा पनि बरालिइन् ।

– मुमाराम खनाल

**लेखक तथा पाठकवर्गमा अनुरोध**

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# सुशासन कायम गर्न ऐनको प्रभावकारी कार्यान्वयन



■ कृष्णहरि बाँस्कोटा

"सुशासन ऐनले सार्वजनिक पदमा बसेकाले जिम्मेवारी बहन गर्नुपर्ने कानुनी दायित्व सुम्पिएको छ, जसअनुसार यस ऐनमा आफूलाई तोकिएको जिम्मेवारीबाट पन्छिन नहुने कुरा लेखिएको छ । सचिव वा मन्त्रीले कानुनबमोजिम गर्न सक्ने निर्णय पनि मन्त्रिपरिषद्मा पठाए भन्ने आलोचना गर्ने स्थान यस ऐनले दिएको छैन ।

नेपालले सुशासन कायम गर्ने संकल्प लिएको छ । विश्वका ४ वटा मुलुकमा मात्रै छुट्टै सुशासन ऐन जारी भएका छन्, त्यसमा नेपाल पनि पर्छ । तथापि, अझै पनि हामी मुलुकी प्रशासनमा सुशासन भनेको के हो ? यो कसरी प्राप्त हुन्छ ? किन नेपालमा सुशासन हासिल गर्न सकिएन ? नेपालमा सुशासन कायम गर्न को जिम्मेवार छ ? कुन विधिबाट अगाडि बढेमा सुशासन हासिल गर्न सकिन्छ ? यी विषयको बहसमै छौं ।

तर, सुशासन ऐन, २०६४ आफ्नो गन्तव्यमा प्रस्ट नै देखिन्छ । जसको पुष्टि ऐनको प्रस्तावना अध्ययन गर्दा अनुभूत हुन्छ । जसअनुसार, मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक तुल्याउने ऐनको लक्ष्य रहेको छ । यसरी मुलुकी प्रशासनलाई जनमैत्री तुल्याएपछि त्यस्को प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासनका साथै आर्थिक अनुशासन कायम गर्ने लक्ष्य लिइएको छ ।

सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गर्दा घोषित लक्ष्यमा पुग्न सहज हुने विश्वास गरिएको छ । साथै यही मान्यताको बलमा सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो भई सुशासन पाउने नागरिकको अधिकारको प्रत्याभूति हुने अपेक्षा गरिएको छ। यसरी सेवाप्रदाय संयन्त्रलाई शासकको सट्टा सहजकर्तामा रूपान्तरित गरी मुलुकमा सुशासनको कानुनी आधार तय गर्ने सुशासन ऐनको अभीष्ट हो । हाम्रो समस्या भनेको कानुन बनाउने र कार्यान्वयन नगर्ने नै हो । यसर्थ प्रस्तुत कानुनको प्रभावकारी कार्यान्वयन गराउन दण्डसमेत गर्न सक्ने एक शक्तिशाली सुशासन आयोग गठन गर्नु समयको माग भएको छ ।

सुशासनको सन्दर्भमा हामीले भन्दै आएको कुरा मन्त्री र सचिवबीच कार्यविभाजन छैन, यसले अलमल भयो भन्ने नै हो, जुन सुशासन ऐनको अध्ययनपछि पूर्णतः झुट ठहरिन्छ । यस ऐनले प्रधानमन्त्री र मन्त्री तथा मुख्य सचिव र सचिवबीच स्पष्ट रूपमा कार्यविभाजन गरेको छ।

यसैगरी, सचिव र महानिर्देशक तथा कार्यालय प्रमुखबीच पनि कार्यविभाजनमा कुनै द्विविधा छैन । आफूलाई तोकिएको काम नगर्ने र आफू पानीमाथिको ओभानो बन्न एकले अर्कालाई दोष लगाउने प्रवृत्ति अन्त्य हुनुपर्छ । यसका लागि प्रशासनिक कामको अडिट गर्न समाजमा प्रतिष्ठा आर्जन गरेका व्यक्तिको समूहलाई यस कामको जिम्मेवारी दिने हो भने दूधको दूध र पानीको पानी छुट्टिने कुरा ठोकुवासाथ भन्न सकिन्छ । मुलुकी प्रशासन सञ्चालन गर्दा राष्ट्र र जनताको बृहत्तर हित, समन्याय र समावेशीकरण, कानुनको शासन, मानवअधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुष्ठिता, जवाफदेहिता तथा इमानदारितालाई आधार मनिने कुरा सुशासन ऐनमा लेखिएको छ ।

यसैगरी, ऐनमा आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा अधिकार निक्षेपण र जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग गरिने कुरा लेखिएको छ । यसै ऐनमा नेपाल सरकारले अख्तियार गर्ने नीतिमा आर्थिक उदारीकरण, गरिबी निवारण, सामाजिक न्याय, प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन गरिने कुरा बताइएको छ । साथै महिला सशक्तीकरण तथा लैंगिक न्यायको विकास, वातावरणीय संरक्षण, जनजाति, दलित तथा आर्थिक एवं सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान र दुर्गम क्षेत्रको विकास तथा सन्तुलित क्षेत्रीय विकास गर्ने सरकारको नीति हुनेछ भनिएको छ ।

राज्यका यस्ता आदर्श नीतिको कार्यान्वयनबाट मुलुकमा सुशासनको सट्टा यति बिघ्न दयनीय अवस्था हुनुनपर्ने स्वतः अनुभूत गर्नुपर्ने विषय हो । जसका कारण यो मुलुकमा भनाइ र गराइबीच ठूलै खाडल रहेको कुरा बुझ्न ढिलो गर्नु जरुरी छैन ।

सुशासन ऐनमा प्रशासनिक कार्यसम्पादन गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएको छ, जसअनुसार निर्णय गर्नुपूर्व निश्चित कार्यविधि अवलम्बन गर्नुपर्छ । यसबाट स्वविवेकी अधिकारको दुरुपयोग रोकिनेछ । निर्णयमा आफ्नो तथा पराईबीच विभेद गर्न सकिनेछैन । यसैगरी, ऐनमा निश्चित समयावधिभित्र निर्णय गर्नुपर्ने उल्लिखित छ । भ्रष्टाचारजन्य गतिविधिमा अंकुश लाग्नेछ । यसबाट भोलि-भोलिको झोली भिर्नु नपरोस् भन्ने पनि ऐनको मनसाय हो । यस ऐनमा निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने व्यवस्था छ, जसले नागरिकको संविधानको धारा २७ मा सूचनाको हक छ । यस ऐनमा निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने व्यवस्था पनि छ । यसको पालनाबाट सामान्यतः निर्णयमा त्रुटि नहुने कुराको यकिन गर्न सकिन्छ। साथै यस कानुनमा आफ्नो स्वार्थ बाझिएमा निर्णय गर्नु नहुने कुरा लेखिएको छ ।

यसरी कानुनले सार्वजनिक पदमा बसेकालाई निष्पक्षता र तटस्थता कायम गर्न पस्ट सन्देश दिएको छ । राज्यद्वारा तोकिएका कुनै पनि काम तोकिएको समयमा सम्पन्न गर्ने अठोट लिएमा नै मुलुकले समृद्धि हासिल गर्ने हो । यसका लागि सुशासन ऐनले निश्चित पदाधिकारीसँग निश्चित विषयमा कार्यसम्पादन करार गर्न सकिने व्यवस्थासमेत गरेको छ । यसैका आधारमा सार्वजनिक पदमा बसेकालाई दण्ड र पुरस्कारको व्यवस्था गर्न सकिने हुन्छ ।

सुशासन ऐनले सार्वजनिक पदमा बसेकाले जिम्मेवारी बहन गर्नुपर्ने कानुनी दायित्व सुम्पिएको छ, जसअनुसार यस ऐनमा आफूलाई तोकिएको जिम्मेवारीबाट पन्छिन नहुने कुरा लेखिएको छ । सचिव वा मन्त्रीले कानुनबमोजिम गर्न सक्ने निर्णय पनि मन्त्रिपरिषद्मा पठाए भन्ने आलोचना गर्ने स्थान यस ऐनले दिएको छैन । यसैगरी, सेवाग्राहीको पक्षमा निर्णय गर्ने अधिकार पनि सम्बन्धित कार्यालय प्रमुखलाई नै दिइएको छ । निजले कुनै पनि बहानामा आफूले निर्णय नगरी दुःख दिने नियतले माथिल्लो पदाधिकारीसमक्ष फाइल पठाउन कानुनले निषेध गरेको छ । यस स्थितिमा कमजोरी माथिल्लो निकायको देखिन्छ । तिनले मौनता साँधेर निर्णय गरिदिन्छन् र पुनः कामचोर प्रशासकहरू आफूले सम्पादन गर्नुपर्ने काम माथिल्लो निकायमा पठाउन पल्किन्छन् । यस कानुनमा तलको अधिकारमाथि सर्ने होइन, बरु माथिल्लो निकायमा रहेको अधिकार तल्लो निकायमा अधिकार प्रत्यायोजन गर्न सकिने व्यवस्था छ । हाल मुलुक संघीयतामा प्रवेश गरेकाले यो कानुनलाई समयसापेक्ष परिमार्जन गरी अधिकतम अधिकार तल्लो तहमा र पदाधिकारीमा जाने व्यवस्था गर्नुपर्छ ।

सार्वजनिक पदमा बस्ने पदाधिकारीले राजनीतिक, प्रशासनिक, व्यासायिक र नैतिक उत्तरदायित्व वहन गर्नुपर्छ ।

यसै कुरालाई मध्यनजर गरी यस ऐनमा पदीय वा पेसागत आचरण पालन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसबाट प्रस्ट हुन्छ, कुनै पनि कर्मचारी प्रत्यक्ष राजनीतिमा सहभागी हुनुहुँदैन । हरेक चिकित्सक बिरामीप्रति समर्पित हुनुपर्छ। सबै इन्जिनियरले मजबुत र गुणस्तरीय निर्माणको प्रत्याभूति दिनुपर्छ। सुशासन ऐनमा जिम्मेवार पदाधिकारीले काम गर्दा निर्धारित कार्यविधिअनुसार काम गर्नुपर्ने कुरा लेखिएको छ । अर्थात्, विधिको शासनको पालना गर्नुपर्छ। सरकारी साधन र स्रोतको मितव्ययी ढंगले उपयोग गर्नुका साथै दुरुपयोग नहुने कुराको सुनिश्चितता कायम गर्नुपर्छ। नागरिकमा सेवा प्रवाह गर्दा तोकिएको सेवा पाउनु नागरिकको अधिकार हो, म सेवक अर्थात् सहजकर्ता हुँ भनी आफू र कर्मचारीलाई सोही भावनाअनुसार परिचालन गर्नुपर्छ। कुनै पनि काममा ढिलासुस्ती नहुने गरी सावधानी अपनाउनुपर्छ ।

तोकिएको समयमा कुनै काम सम्पादन हुन नसक्ने भए तत्काल सोको जानकारी माथिल्लो निकायमा दिनुपर्छ। यसैगरी, सेवाग्राहीलाई पनि आदरपूर्वक काम हुन नसकेको कारणबारे सुसूचित गर्नुपर्छ । आम सेवाग्राहीलाई असर पर्ने कुनै पनि विषय छ भने तत्काल सोसम्बन्धी सूचना टाँस गर्नुपर्छ। आम सेवाग्राहीसँग शिष्ट व्यवहार गर्नुपर्छ। सेवाग्राहीको आदर गर्नुपर्छ। यसरी सुशासन ऐन अध्ययन गर्दै जाँदा मुलुक र मुलुकवासीले अपेक्षा गरेका कुनै पनि कुरा लेख्न यस ऐनमा छुटे जस्तो देखिँदैन। यस्तो उत्कृष्ट कानुनी व्यवस्था भएर पनि हामी भ्रष्टाचार, ढिलासुस्ती र प्रशासनिक चक्रव्यूहमा फस्नु एउटा ठूलै विडम्बना हो ।

सुशासन ऐनमा प्रत्येक कार्यालयमा अनिवार्य रूपमा नागरिक वडापत्र राख्नुपर्ने व्यवस्था छ, यो राखिएको पनि छ । तर, यसअनुसार काम हुँदैन र सामान्यतः कुनै पनि सेवाग्राहीसमेत नागरिक बडापत्र हेरेर सेवा माग गर्न आउँदैनन् । यस कानुनमा नागरिक बडापत्रमा लेखिएअनुसार सेवा प्रवाह गर्नु कर्मचारीको बाध्यात्मक कानुनी आचरण हो भनी किटानीसाथ लेखिएको छ ।

प्रस्तुत कानुनमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र टाँस गर्नुपर्ने कानुनी व्यवस्था पनि छ । जसअनुसार नागरिकले तोकिएको समयमा सेवा नपाएमा ५ हजारसम्मको क्षतिपूर्ति पाउने गरी क्षतिपूर्ति कोष रहनेसम्मको कानुनी व्यवस्था छ । यस कानुनमा जनतालाई घरदैलोमै पुगेर सेवा दिन घुम्ती सेवा सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था छ। यस ऐनमा पिछडिएका बासिन्दाका लागि कम मूल्यको सेवा शुल्क तोक्न सकिनेसम्मको व्यवस्था छ। यस्ता कुरा न तोक्नेलाई ज्ञान छ न तोकी पाउनेहरू नै यसतर्फ अग्रसर छन् । यस ऐनले सहभागितामूलक लोकतन्त्र र दिगो विकासको अवधारणालाई आत्मसात् गरेको छ । जसअनुसार जनताको प्रत्यक्ष सहभागिता हुने आयोजनाको सञ्चालनमा जनताको सहभागिता र स्वामित्व खोज्नुपर्ने कानुनी व्यवस्था छ। यस ऐनमा सरकारी निकायको निरन्तर सुधार र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धिका लागि संघीय मन्त्रालयमा प्रशासकीय सुधार इकाइको गठन गर्ने प्रतिबद्धतासमेत जनाइएको छ ।

लोकतन्त्र भनेको जनताको शासन जनताका लागि जनताद्वारा गरिने पद्धति हो । यसर्थ, जनप्रतिनिधि र कर्मचारीतन्त्रद्वारा सम्पादित कामको गुण दोषका लागि नागरिकबाट सुझाव प्राप्त गर्न प्रत्येक निकायले सार्वजनिक सुनुवाइ गर्नुपर्ने कानुनी व्यवस्था छ ।

यसैगरी, प्रत्येक सरकारी निकायले गुनासो व्यवस्थापनमा अग्रसरता देखाउनुपर्छ। प्रस्तुत कानुनअनुसार भए गरेका कामको जानकारी दिन र जनताको जिज्ञासा समाधान गर्न प्रत्येक निकायले प्रवक्ता तोक्नुपर्छ। सूचनाको हकसमबन्धी ऐनले जनताले माग गरेको सूचना दिन सूचना अधिकारी तोक्नुपर्ने व्यवस्था गरेको छ । वर्तमान २१औं शताब्दीको मुलुकी प्रशासनलाई आधुनिकीकरण गर्न सूचना प्रविधिलाई व्यवहारमा उतार्नुपर्ने कुरासमेत सुशासन ऐनमा लेखिएको छ ।

# शैक्षिक सुशासनमा देखिएको निराशा



इन्द्रकुमार श्रेष्ठ

कुनै पनि देशको शैक्षिक नीति, शैक्षिक योजना र पाठ्यक्रम समयअनुकूल परिवर्तन भइरहनु स्वाभाविक हो। यसअनुसार हाम्रो देशमा पनि शैक्षक परिवर्तन भइआएकै छ। राजनीतिक फेरबदलले, केही गर्नै पर्ने बाध्यता र केही गरेको जस्तो देखाउनकै लागि पनि होला, अझ पछिल्ला केही वर्षहरूमा त शैक्षिक सुधारका धेरै ठूला-ठूला कुराहरू धमाधम भइआएका छन् ।

एकभन्दा अर्का उच्च आयोग बनेर तिनका लामा-लामा अमूल्य सुझावसहितका प्रतिवेदनहरू पनि प्राप्त भएका छन् । तर उल्लेख्य लगानी र श्रमबाट पूरा भएका यी सारा काम भएको अनुपातमा तिनबाट केही मात्र लिएर ऐनरनियमावलीमा व्यवस्था गर्ने गरिन्छ ।

अनि, कार्यान्वयन तहमा पुग्दा तिनबाट पनि छानी-छानी र व्यक्तिगत अनुकूलता हेरी-हेरी कार्यान्वयन गरिने अवस्था छ । यो अवस्थाले ऐन नियमावलीको मर्मलाई विषयान्तर गर्ने गरिएको स्पष्टै बुझ्न सकिन्छ ।

यो अवस्थामा पनि जब शिक्षा ऐन, शिक्षा विधेयक, शिक्षा नियमावली, कुनै पनि शैक्षिक आयोगको प्रतिवेदन नयाँ आउन लागेको बेला हुन्छ, त्यतिखेर अब त केही भइहाल्छ कि भन्ने आश जाग्छ र विशेषतः आफू अनुकूलको विषयगत बुँदालाई लिएर चर्चा-परिचर्चामा खुब रमाइन्छ।

अनि त्यो बनेर सार्वजनिक भएपछि पनि केही दिन/केही महिना अबचाहिँ केही होला कि भन्ने आशले फेरि त्यसकै चर्चामा व्यस्त भइन्छ तर केही दिनपछि त्यो पूरै सेलाएर जस्ताको तस्तै हुन्छ । फेरि, केही महिना, केही वर्षपछि उही पुरानै कुरा ब्युँझिन्छ र पुरानै तरिकाले चर्चाको बजार लिन्छ ।

फेरि त्यो पनि केही समयपछि सामसुम हुन्छ । बेला-बेलामा यो क्रम दोहोरिँदा प्रत्येक पटक शैक्षिक वातावरण सुधार्ने सम्बन्धमा केही ईहाल्छ कि भन्ने आश फेरि पनि लाग्छ तर केही पनि हुँदैन ।

यस विषयमा विगतमा 'के-के भए ?' र 'के भएन' भन्ने विषयमा बुँदागतरूपमा सम्झौं ।

(१) **शिक्षक र राजनीतिका कुरा :**

प्रायः हरेकजसो नयाँ सरकारसँगै नयाँ शिक्षामन्त्री आएपछि शिक्षकलाई राजनीतिबाट टाढा राख्ने सैद्धान्तिक कुरो गरियो । अझै पनि गरिँदै छ तर त्यो कुरा व्यावहारिकरूपमा अहिलेसम्म पनि कार्यान्वयन भएको छैन । अनेक शिक्षक संघरसंगठनहरू माउ राजनीतिक पार्टीका भ्रातृ निकायका रूपमा अस्तित्वमा छँदै छन् ।

नेताका रूपमा सक्रिय शिक्षकहरू पठनपाठनमा भन्दा पनि घुमघाममा समय बिताउँछन् । तिनको काम कतिपय अवस्थामा शिक्षकका हकहितका लागि आवश्यक आवाज उठाउनेभन्दा पनि अनावश्यक मागमा समय बिताउने देखिन्छ ।

असल शिक्षकलाई प्रोत्साहन र संरक्षण गर्नेभन्दा पनि खराब शिक्षकलाई टिकाएर दोषमुक्त बनाउने कुरामा पनि तिनीहरू लागिपरेका छन् । फेरि, माथिदेखि तलैसम्म दलको राजनीति सफल पारिदिने मुख्य शक्तिका रूपमा शिक्षक वर्गलाई नै लिइन्छ । यति भएर पनि लहड चलेको बेलामा ठूला-साना सबै खाले नेताले भाषण गर्दा, 'शिक्षकहरूले राजनीति गर्नुहुँदैन' भनेर जान्ने पल्टन र उपदेश दिन पनि कसैले छुटाउँदैनन् ।

(२) **शिक्षक दरबन्दीका कुरा :**

शिक्षक/विद्यार्थी अनुपात के-कति हुनुपर्छ भन्ने कुरा शिक्षा ऐनको अनुसूचीमा उहिल्यै स्पष्टसँग तोकिएको हो । तर कुनै विद्यालयमा शिक्षक र विद्यार्थीको संख्या उतिउति देखिन्छ । त्यहाँ शिक्षकलाई समय बिताउन आनन्द छ । कतैचाहिँ विद्यार्थी संख्या बढी भएर सीमित शिक्षकले थेगिनसक्नु छ ।

त्यहाँ शिक्षकलाई जागिर खान गाह्रो छ । शिक्षक दरबन्दी मिलान गर्ने कुरा उहिलेदेखि चल्दै आए पनि, यहाँ अहिलेसम्म यस्तै चलिरहेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ सार्वजनिक भएपछि 'नयाँ शैक्षिक सत्र २०७७ अगावै दरबन्दी मिलान गरिने' कुरा आयो ।

यो सुनेर, अबचाहिँ यससम्बन्धमा केही होला कि भन्ने आशा पलाएर चासो पनि गरियो । तर अहिले फेरि 'दरबन्दी मिलान गरिने होइन, खाली शिक्षकहरूको लगतमात्र लिइएको' भन्ने कुरो आएपछि त्यो आशा पनि मरेको छ। लागत लिनकै लागि मात्र त यस्तो हल्लिखल्ली नगर्दा पनि हुन्थ्यो होला ।

(३) **शिक्षक सरुवाका कुरा :**

शिक्षकलाई शैक्षिक सत्रको शुरूमा र पाँच-पाँच वर्षमा अनिवार्यरूपमा सरुवा गरिने कुरा पनि एकताक चर्चामा आयो। घरपायक शिक्षक हुँदा शिक्षकहरू घरायसी काममा व्यस्त हुन सक्छन् ।

यसो हुँदा शैक्षिक गुणस्तरमा प्रभाव पर्यो भन्ने अनुभव गरेर पनि त्यस्तो अवधारणा ल्याइएको हुन सक्छ। जे भए पनि स्वयं शिक्षकका शैक्षिक क्रियाकलापमा सहभागिता र शैक्षिक गुणस्तरका सन्दर्भमा त्यो कुरा अवश्य सही थियो । तर त्यो पनि खै त्यति बेलै कता हरायो, थाहा भएन ।

(४) **सेवा-सुविधाका कुरा :**

अन्य देशहरूमा सबभन्दा बढी सेवा-सुविधा शिक्षकलाई दिइन्छ रे । त्यही भएर पनि त्यहाँका शिक्षितहरूको पहिलो रोजाइ शिक्षण पेसा नै हुनु स्वाभाविकै हो । तर हामीकहाँ त्यसको उल्टो अवस्था छ । यही कुरा थाहा पाई महसुस गरेर होला, कुनै बेला मुड चलेको बेलामा शिक्षकको तलब निजामती कर्मचारीको भन्दा १० प्रतिशत बढी हुनुपर्ने सुझाव पनि दिइयो ।

शिक्षकहरूलाई मख्ख पार्नका लागि दिइएको भए पनि त्यस कुराले केही समयसम्म सबै शिक्षकलाई आशावादी नै बनायो । प्रअका लागि उपलब्ध गराउँदै आइएको भत्ता धेरै पहिले तोकिएअनुसारको नै कायम रहेको हुँदा, त्यसलाई बढाएर तलबको १० प्रतिशत बनाइने कुरा पनि ल्याइयो । तर त्यतिखेरै नपत्याइएका यी कुराहरू आजकल त धेरैले बिर्से पनि होलान् ।

(५) **शिक्षकहरूको शैक्षिक योग्यता र प्रअको पदावधि :**

शिक्षकहरूको तहगत शैक्षिक योग्यता अहिले भइरहेको भन्दा क्रमशः बढ्ता तोकियो । जसअनुसार, आधारभूत तहका शिक्षकको शैक्षिक योग्यता स्नातक, माध्यमिक तहका शिक्षकको स्नातकोत्तर र माध्यमिक तहसम्म पढाइ हुने विद्यालयका प्रअको शैक्षिक योग्यता एमफिल हुनुपर्ने भनियो ।

तर त्यो कुरा पनि पानीको फोकासरि हराएकै छ । पछिल्लोपटक नयाँ नियुक्ति भएका धेरै शिक्षकको शैक्षिक योग्यता चर्चा गरिएबमोजिम भए पनि, पुरानाहरूको त्यस्तो छैन । तर पनि निश्चित समयभित्र योग्यता बढाउनुपर्ने बाध्यकारी व्यवस्था पनि नभएकोले साबिकबमोजिम नै सबैलाई हाइसन्चो छ ।

परिणामस्वरूप, राजनीतिक प्रभाव, चाकरी प्रवृत्ति तथा विद्यालय व्यवस्थापन समिति र स्थानीय तहको अधिकारका बलमा धेरै विद्यालयहरूमा, शिक्षकहरूभन्दा तल्लो योग्यताका प्रअहरूको शासन देख्न पाइन्छ ।

पदावधि पाँच वर्ष भनिए पनि २०४८ सालमा स्वतः स्थायी भएर प्रअ हुन पाएपछि अहिलेसम्म निरन्तर 'ठेकेदार वा कमाउ प्रअ' का रूपमा हुनेहरू पनि देखिन्छन् ।

(६) **दुई थरी प्रअका कुरा :**

कतिपय अवस्थामा प्रअलाई विभिन्न प्रकारका बैठकमा बोलाइने भएको हुँदा अध्यापन कार्यमा सरिक हुन गाह्रो हुन्छ। यता विद्यालयको दैनिक प्रशासनिक कार्य पनि सम्हाल्नै पर्ने हुन्छ ।

त्यसैले यो अवस्थालाई सहज बनाउनका लागि माध्यमिक विद्यालयमा प्राज्ञिक र प्रशासनिक गरी दुई खालका प्रअ नियुक्ति गरिने कुरो पनि आएको थियो । प्रअको छनोट शिक्षक सेवा आयोगबाटै गरिने कुरो पनि थियो। तर ती कुराहरू पनि खाली कुरैमा सीमित भए ।

(७) **निःशुल्क शिक्षाका कुरा :**

माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने कुरा संविधानमै उल्लेख छ। तर देशभरमा अधिकांश विद्यालयहरूमा यो कुरा लागू भएको छैन। केही परिआएमा जवाफ दिन र कानुनी नजरबाट उम्कन सजिलो होस् भनेर होला, धेरै विद्यालयमा विद्यार्थीबाट मासिक शुल्क नै भनेर नलिइए पनि अरू नै नाममा शुल्क लिने गरिएको छ।

त्यसरी लिइएको शुल्कको सदुपयोग भए पनि त होस् ! त्यसबाट कतिपय विद्यालयमा शिक्षकसमेतले ' खाजाभाग' पाउने, कतै विद्यालय व्यवस्थापन समितिले पनि 'राजाभाग' पाउने र कतैचाहिँ प्रअ एक्लैले 'घोप्टेभाग' लुँड्याउने गरेको देखन्छ। अपवादबाहेक, विद्यालय चलाउने यस्तो नौलो र स्वाभाविक तरिकालाई लिएर कसैले प्रश्न पनि उठाएका छैनन् ।

(८) **शिक्षकका छोराछारी सामुदायिक विद्यालयमा पढाउनुपर्ने कुरा :**

आफू सरकारी विद्यालयको शिक्षक भएर पनि शिक्षकहरूले आफू पढाउने विद्यालयमा आफ्ना छोराछोरीलाई नपढाई तिनलाई निजी विद्यालयमा पढाए भन्ने कुरा आलोचित बन्यो। त्यसैले शिक्षकहरूले आफ्ना छोराछोरी पनि सरकारी विद्यालयमै पढाउनुपर्छ भन्ने अनिवार्यता दर्शाइयो ।

लागू हुन सकेको भए, शैक्षिक गुणस्तर सुधार्ने सन्दर्भमा यही एउटा कुरा पनि ठूलो सहायक कडी बन्न सक्थ्यो। तर यस विषयमा तुरुन्तै, कर्मचारी र नेताका सन्तानका कुरा पनि उठाइएपछि यो कुरो पनि मच्चियो-मच्चियो थच्चियो भनेझैं भयो ।

भनाइमा मात्रै सीमित यस्तै-यस्तै, अन्य शैक्षिक सुधारका ठूला-ठूला नीतिगत कुराहरू पनि धेरै छन् । यहाँ काम भने यतिखेर २०७५ माघ १ गते सरकारलाई बुझाइएको उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन र गत मंसिर २५ गते सरकारले सार्वजनिक गरेको 'राष्ट्रिय शिक्षा नीति-२०७६' समेतका आधारमा फेरि संघीय, प्रादेशिक र स्थानीय शिक्षा ऐनको मस्यौदा बनाइँदै छ रे ! जहिले पनि बनिरहने त्यो मस्यौदा कहिले बनिसक्ने हो र त्यसअनुसार काम कहिले हुने हो ? भन्न सकिन्न ।

फेरि त्यसमा पनि तीन तहका सरकारका लागि अधिकार व्यवस्था गर्नुपर्ने कुरो छ । यसरी नीति-नियम र कुराचाहिँ पोखाउँदै-उठाउँदैको पारामा ठूला-ठूला बनाइरहनेरगरिरहने तर कामचाहिँ सानातिना पनि नभइरहने अवस्थाले हाम्रो देशको शैक्षिक सुशासनमा सन्तोष मान्ने ठाउँ देखिँदैन ।

# चाँडै मिर्गौला प्रत्यारोपण गर्दैछु : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले चाँडै आफूले एउटा मिर्गौला प्रत्यारोपण गर्न लागेको जानकारी दिएका छन् । सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा सम्पादकहरुसँगको कुराकानीमा प्रधानमन्त्रीले निकट भविष्यमै आफ्नो एउटा मिर्गौला फेर्ने बताएका हुन् । मिर्गौलाको बिरामी रहेका प्रधानमन्त्री ओलीले हाल डायलासिस गरेर काम चलाउँदै आएका छन् । तर, आफूले धेरै काम गर्न बाँकी रहेकाले मिर्गौला नै फेर्ने निर्णयमा पुगेको प्रधानमन्त्रीको भनाइ छ ।

'पहिला प्रचण्डजी र मैले आलोपालो सरकारको नेतृत्व गर्ने भनेका थियौँ । तर प्रचण्डकै प्रस्तावमा राजनीतिक स्थायित्वका लागि मैले नै ५ वर्ष सरकार चलाउने सहमति भएको हो । बाँकी तीन वर्ष अझ धेरै खटिएर काम गर्नका लागि डायलासिस गरिरहनुको साटो एउटा मिर्गौला नै फर्न लागेको हुँ ।'

प्रधानमन्त्री ओलीले एमसीसी संसद्बाट छिट्टै पारित हुने बताए । उनले पहिले सम्झौता गर्ने अनि पछि छलफल गर्ने नेपालीको बानी नै भएको उल्लेख गर्दै पहिलको सरकारले गरेको सम्झौतामा अहिले आएर आईपीएस भन्ने आरोप लगाइएको बताए । 'हामीले हाम्रो स्वार्थ हेर्ने हो,' उनले भने, 'पाँचवर्षभित्रमा सबै गरिसक्नुपर्नेछ । नभए सबै फिर्ता जान्छ । त्यसैले संसदबाट पारित गर्न हतार गर्नुपरेको हो ।'

अमेरिकाले सुशासन, भ्रष्टाचारविरुद्ध र लोकतन्त्रको हितमा प्रयोग गर्ने भनेकाले यसमा डराउनुपर्ने कुनै कारण नभएको उनको टिप्पणी थियो । यती होल्डिङ्स अघिल्लो सरकारले दरबारअघिको जग्गा लिजमा दिएको भए पनि विधि र प्रक्रिया पु¥याएर दिएको प्रधानमन्त्री ओलीको टिप्पणी थियो । 'गोकर्णमा पनि कुनै घोटाला भएको छैन,' प्रधानमन्त्री ओलीले भने, 'मेरो सम्बन्धमा घोटाला र भ्रष्टाचारको प्रश्न नै उठ्दैन होला भन्ने ठान्छु ।'

उनले आफ्ना पालामा ठूला भ्रष्टाचारविरुद्धका काम भएको बताए । 'कानुनी राजको सिद्धान्तमा मोलाहिजा छैन,' प्रधानमन्त्री ओलीले भने, 'ललिता निवास प्रकरणमा छानबिन हुँदैछ । सुन प्रकरणमा दोषी देखिएका कारवाहीको दायरामा आएका छन् ।उच्च ओहदाका व्यक्तिलाई पनि कारवाही गरिएको छ ।'

उनले सरकार असहिष्णु र स्वतन्त्र प्रेस विरोधी नभएको टिप्पणी गरे । 'सरकार असहिष्णु छैन र हुँदैन पनि,' उनले भने, 'स्वतन्त्रता यो सरकारले चाहे पनि जाँदैन । यो सरकार आन्दोलन र बलिदानपूर्ण संघर्षको निचोड हो,' उनले भने । प्रधानमन्त्री ओलीले विप्लव नेतृत्वको नेकपालाई बढावा नदिन आग्रह गरे । 'विप्लव समूह पैसा लुट्न राजनीतिमा लागेको हो,' उनले भने, 'यसलाई बढावा दिन हुँदैन ।'

अहिलेको ठाउँसम्म आइपुग्दा धेरैको बलिदान र संघर्ष रहेको स्मरण गर्दै उनले आफूले कुनै स्वार्थ राखेर काम नगरेको जिकिरसमेत गरे । 'म सहिष्णु छु तर कहिलेकाहीँ मैले केही भनेको भए तपाईंहरू (पत्रकार) सहिष्णुण भइदिनूस् न!' प्रधानमन्त्रीको आग्रह छ, 'मैले प्रधानमन्त्रीका हैसियतले पत्रकारले बलिङ गरेपछि मैले ब्याटिङ गरेको मात्र हो ।'

आफू १४ बर्ष जेलबाट निस्केपछि गोसाइँकुण्ड यात्रामा जाँदा लेक लागेर झण्डै मर्न लागेको प्रसंगसमेत सुनाउँदै उनले आफूहरूले संघर्ष र बलिदानबाट लोकतन्त्र संस्थागत भएको बताए । उनले अघि भने, 'अब लोकतन्त्र आफ्नो बाटो लागिसकेको छ तपाईहरू निर्धक्क हुनूस् ।'

# चितवन प्रहरी प्रमुखमा गुरुङ, पर्सामा गंगा पन्त

**काठमाडौं/मस–** जिल्ला प्रहरी कार्यालय चितवनमा सरुवा भएर पनि त्यहाँको जिम्मेवारी नपाएकी एसपी गंगा पन्तलाई पर्सा प्रहरी प्रमुखको जिम्मेवारी दिइएको छ । चितवनका तत्कालीन प्रहरी प्रमुख एसपी दानबहादुर मल्लको ठाउँमा पन्तलाई सरुवा गरेको भएपनि विवादका कारण उनलाई त्यहाँको रमाना दिइएको थिएन । हाल आएर प्रहरी प्रधान कार्यालयले उनलाई पर्सा प्रहरी प्रमुखको जिम्मेवारी दिएको हो ।

यसैगरी चितवन प्रहरी प्रमुखको रुपमा नान्तिराज गुरुङको काज सरुवा भएको छ । यस्तै बारा प्रहरी प्रमुखमा कृष्ण पंगेनीलाई सरुवा गरिएको भने बारा प्रहरी प्रमुख विकाशराज खनाल दंगा नियन्त्रण गण सुनवलमा काज सरुवा भएका छन् ।

यस्तै एसपीहरु दीपक रेग्मी पूर्वी नवलपरासी, मोहन पोखरेल गण्डकी प्रदेश र अशोक सिंह प्रहरी प्रधान, कार्यालय इन्टरपोल शाखामा काज सरूवा भएका छन् । यता पर्साका एसपी सोमेन्द्रसिंह राठौरलाई भने काठमाडौं प्रहरी परिसर सरुवा गरिएको छ ।

# घुस लिएको आरोपमा मुद्दा दायर





**लहान/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक डिभिजन कार्यालय लहान, सिराहाका इञ्जिनीयर नवीनकुमार साह र सवइञ्जिनीयर वीरेन्द्रकुमार साहविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार उनीहरुले सेवाग्राहीसँग रुपनी-राजविराज-कुनौली सडक आयोजना निर्माणको अन्तिम बिल भुक्तानी दिने क्रममा विभिन्न बाहाना बनाइ रु १५ लाख ९६ हजार घुस लिएका थिए । आयोगको बर्दिवासबाट गएको टोलीले उनीहरुलाई घुस लिँदै गरेको अवस्थामा पक्राउ गरेको थियो । आयोगले घुस वापत लिएको रकम बराबरको बिगो असुल गरी कैद सजायको माग गरी विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए ।

यस्तै सडक डिभिजन कार्यालय लहान, सिरहाका निमित्त डिभिजन प्रमुख विन्दा साह भन्ने विनोद साह विरुद्धसमेत मंगलबार नै विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगको टोलीले साहलाई रु तीन लाख घुससहित केही दिन पहिले पक्राउ गरेको थियो । सेवाग्राहीले गरेको सडक निर्माण कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानीका क्रममा साहले घुस माग गरेको आयोगले जनाएको छ ।

यस्तै आयोगले जनकपुर भन्सार कार्यालय धनुषामा कार्यरत नायब सुब्बा अहमद रजा अन्सारीले नेपाल भारत सीमा क्षेत्रबाट सामान ल्याउन सहज गरिदिने भन्दै रु एक लाख ५० हजार घुस माग गरेको अभियोगमा पक्राउ गरेको आयोगले जनाएको छ । आयोगले नायब सुब्बा अन्सारीले सेवाग्राहीसँग रु एक लाख ५० हजार घुस माग गरेको आरोप लगाएको छ । आयोगले अन्सारीलाई सोमबार पक्राउ गरेको भए पनि थप अनुसन्धानपछि मंगलबार मात्रै सार्वजनिक गरेको हो ।

# हेटौंडामा पक्की सडक निर्माण तीव्र





**हेटौंडा/रासस–** बागमती प्रदेशको राजधानी हेटौँडा कायम भएपछि हेटौँडा उपमहानगरपालिकाले नगरक्षेत्रभित्र पक्की सडक निर्माण प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाएको छ । हेटौँडा उपमहानगर क्षेत्रमा रहेको कच्ची तथा ग्राभेल र भत्किएर पुनःनिर्माण गर्नुपर्ने अवस्थामा रहेका पक्की सडकलाई भत्काउँदै पक्की बनाउने योजनाअन्तर्गत काम धमाधम शुरु गरेको छ ।

उपमहानगर क्षेत्रमा उपभोक्ता समिति तथा ठेकेदारमार्फत सडक निर्माण कार्य प्रारम्भ गरिएको हो । उपमहानगरपालिकाका अनुसार हेटौँडा-५ को भैरवरोड चिसापानी सडकमा स्ल्याब ढलान शुरु भएको छ । कूल रु ३० लाख ८३ हजारको लागतमा सो सडक निर्माण हुन लागेको हो ।

त्यस्तै हेटौँडा-१ पाथीभरास्थित पाथीभारा मन्दिर नजीक रु २३ लाख २७ हजारको लागतमा स्ल्याब ढलान शुरु भएको छ । त्यस्तै हेटौँडाको राप्ती पुलबाट पाथीभारा मन्दिर र आसपास क्षेत्रमा जान-आउन सहज होस् भन्ने उद्देश्यले १७५ मिटर लम्बाइको स्ल्याब ढलान गर्न लागिएको छ । त्यसैगरी हेटौँडाका सबिकका ११ वटा वडामा सडक कालोपत्र गर्ने, स्ल्याब ढलान गर्ने र नाली बनाउने काम द्रुत गतिमा भइरहेको उपमहानगरले जनाएको छ ।

यस सन्दर्भमा हेटौँडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले सडकको कामलाई प्राथमिकताका साथ अगाडि बढाएको र सडक निर्माण गरेर हेटौँडालाई व्यवस्थित पार्ने बताए । हेटौँडा-४ का रामप्रसाद आचार्यले हेटौँडा पहिले जस्तो नभएको बताउँदै बसाइँसराइ तीव्र भएकाले शहरी बसोबास व्यवस्थित र पूर्वाधारयुक्त बनाइनुपर्ने बताए ।

यसैबीच नेपाल तेक्वान्दो संघ मकवानपुरद्वारा रु ४५ लाखको लागतमा हेटौँडामा तेक्वान्दो कभर्ड हल निर्माण कार्य शुरु गरेको छ । हेटौँडा-४ कर्राको श्रमिक पथमा सो हल निर्माण शुरु गरिएको हो । सङ्घका अध्यक्ष रत्न बज्राचार्यका अनुसार करीब ६० जना अट्ने क्षमताको ३२ मिटर चौडाइ र ४५ मिटर उचाइको सो हल निर्माण हुने जानकारी दिए । कभर्ड हल निर्माणका लागि हेटौँडा उपमहानगरपालिकाले समेत रु सात लाख उपलब्ध गराउने जनाइएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/१०/२२

यस कम्पनीको मिति २०७६/०८/२१ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **त्रिमूर्ति सह-शिक्षा विद्यालय प्रा.लि. (प्रा.लि.नं. २१०७५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **त्रिमूर्ति एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## अधिकृत वारेसनामा बदर गरिको सूचना

अ.वा. दिने जुजु राम कपालीको बुहारी ज्ञान बहादुर पुनको छोरी मधुराम कपालीको श्रीमति भक्तपुर जिल्ला साविक सिपाडोल-१ स्थायी घर भई हाल वेलायत बस्ने टुल्कादेवी पुनले मिति २०६३/०४/०३ का दिन दर्ता नं. ५२०७१ मिति २०६३/०४/०२ बाट नेपाली महावाणिज्य दुतावास हङ्कङबाट मेरो नाममा दर्ता रहेको साविक का.जि. गोंगबु-७, स्थित कि.नं. १५३१ र १५३४ को क्षे. ०-७-०-० जग्गा सुकिबिक्रीको लागि मेरो बुबा ज्ञान बहादुर पुनलाई अधिकृत वारेसनामा मुकरर गरी दिएकोमा मु.ऐ. अ.व. को ७१ ग तथा मुलुकी देवानी संहिता २०७४ को दफा १५५ को १ (घ) बमोजिम यसै सूचनाबाट उक्त अ.वा. बदर गरिएको छ ।

**टुल्कादेवी पुन**
**हाल बेलायत**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०७६/०५/३० को संचालक समितिको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ३१ को बमोजिम २०७६/०६/०५ गते कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साविक कम्पनी **काष्टमण्डप इङगलिस बोर्डिङ्ग स्कुल प्रा.लि.** (प्रा.लि.नं. ३७५४२) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ॠण धन कर दायित्व आदी परिवर्तित यस **नेक्स्ट जेनेरेशन स्कुल, दक्षिणकाली नगरपालिका वडा नं. ६,** ले सकार्ने व्यहोर्ने गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

## UAE मा महिला तथा पुरुषहरुलाई रोजगार

कम्पनी : Etihad International Hospitality(EIH) Owned Al Wathba Investment LLC-Sole Proprietorshop L.L.C

पुर्व स्वीकृत मिति: २०७६/०६/२७ पुन स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१४४५१५ पून चलानी नं.: ७५६ LT. No.: 225213

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 6 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 39 | | 900 | २७,८९० | | | | | | | |
| 3. | Cleaning Supervisor | 5 | 5 | | 2000 | ६१,९८० | | | | | | | |

Cleaner को हकमा सामान्य अंग्रेजी/हिन्दी भाषा बोलचाल गर्न सक्ने हुनुपर्नेछ । Supervisor को हकमा सम्बन्धित काममा कम्तीमा २ वर्ष वा सो भन्दा बढी काम गरेको अनुभव हुनुपर्नेछ । उमेर २० वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

विनायक होटल, विर्तामोड, झापामा माघ २८ गते (11 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Empower Human Resources Management Pvt. Ltd**
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Kathmandu, Nepal, Tel.: 00977- 4488265
Mob.: 9814048923, 9819063243, 9813657032, 9808658844, 9851071436 9803592045, 9845417639, 9801402996 9851190570, 9801625801, Email: empowerhr1150@gmail.com

## साउदीमा रोजगारको अवसर

कम्पनी: DI ALHIJAZ शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११७७ LT. No.: 232165

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal HR Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Gausala-09, Kathmandu, Nepal, Tel.: 4481066
Email: nepalhrs@hotmail.com

## साउदीमा रोजगार

कम्पनी: ENERGY DIWAN CONTRACTING CO LTD शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५१११० LT. No.: 232409

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | 10 | 0 | स. काममा दक्ष | 1100 | ३३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पुमोरी ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ७६५/०६५/०६६
सुविधानगर, तिनकुने, काठमाडौं । फोन: ४१११८८५, ४१११८४१, फ्याक्स: ४१११७०५
info@pumorioverseas.com, www.pumorioverseas.com

## SAUDI मा रोजगार

१. कम्पनी: NINETY DEGREES FOR GENERAL CONST EST शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११६७ LT. No.: 231591

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1200 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ROYAL DINING RESTAURANT शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११६५ LT. No.: 231456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ३६,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
LUCKY H.R. Solution Pvt. Ltd. श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Mob.: 9801182626, 9801182638, 9801182627, 9803611777
Email- info@merocvs.com / info@luckyhrsolution.com

## BAHRAIN मा वैदेशिक रोजगारको अवसर

कम्पनी: NEW YORK COFFEE WLL शहर: MANAMA

पुर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११२८ LT. No.: 231363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | स. काममा दक्ष | 110 | ३३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.**
श्रम इजाजत नं. ०५४/०५१/०५२
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com

## कतारमा रोजगार MIDYE ISTANBUL RESTAURANT

पूर्व स्वीकृती मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११४७ LT No.: 232348

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cashier | 1 | काममा दक्ष | 1400 | ४३,८६५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्षा |
| २. | Waitress | 1 | | 1400 | ४३,८६५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | कामदार आफैले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७६ माघ २९ गते (12 Feb) यस प्रा. लि. को कार्यालय, कलंकीमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**रकि ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत न.:५६४/०६२/०६३
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०१, ५२२४५०२, ५२२४५०३

## प्रदेश ५ प्रदेशसभा स्थापना दिवस

# ३ मन्त्री र ६० सांसदले गरे बहिष्कार



**बुटवल/मस–** पाँच नम्बर प्रदेशसभाले दोस्रो स्थापना दिवस मनाएको छ । माघ १८ गतेदेखि प्रदेशसभाले स्थानपना दिवस मनाउन थालेको हो । तर प्रदेशसभाकै करिव ६० सांसदले स्थापना दिवसको मुल समारोह नै बहिस्कार गरेका छन् । ८६ सांसद रहेको प्रदेशसभाले ६० सांसदबिना नै स्थापना दिवस मनाएको हो ।

स्थापना दिवसको मुल समारोहमा प्रदेश प्रमुख धर्मनाथ यादव प्रमुख अतिथि थिए । मुख्यमन्त्री शंकर पोखरेल, आन्तरिक मामिलामन्त्री कुलप्रसाद केसी, भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री आरती पौडेल सहभागी भए ।

भौतिक पूर्वाधार विकासमन्त्री बैजनाथ चौधरी, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लिला गिरी र सामाजिक विकासमन्त्री सुदर्शन बराल स्थापना दिवसमा सहभागी भएनन् ।

संसदमा गठन भएका सात संसदीय समितिका सभापतिमध्ये दुई जनामात्रै सहभागी भए । भौतिक पूर्वाधार विकास समितिकी सभापति आशा स्वर्णकारले अखिल नेपाल महिला संघको शपथ कार्यक्रममा रहेकाले स्थापना दिवसमा सहभागी हुन नसकिएको बताइन् ।

स्वर्णकारसहित संसदीय मामिला तथा कानुन समिति सभापति दामा शर्मा, सांसद थानकुमारी थापा, सरस्वती गौतम, पार्वती पुन पार्टीको कार्यक्रममा सहभागी भएर स्थापना दिवसमा गएनन् ।

कृषि, वन तथा वातावरण समितिका सभापति विजयबहादुर यादवले आफू अस्पताल रहेकाले सहभागी हुन नसकेको बताए । सत्तारुढ दलका अर्का सांसद इन्द्रप्रसाद खरेलले प्रदेश बाहिर रहेकाले सहभागी नभएको बताए । सामाजिक विकासमन्त्री सुदर्शन बराल मंगलबार बिहान मात्रै अस्पतालको एक कक्ष उद्घाटनका लागि गुल्मी गएका छन् । पर्यटनमन्त्री लिला गिरी लुम्बिनीमा आयोजित कार्यक्रममा व्यस्त भए ।

लुम्बिनी कै कार्यक्रममा सहभागी भएका मुख्यमन्त्री पोखरेल स्थापना दिवस मुल समारोहको मध्यसमयमा पुगेका थिए । समारोहमा मुख्यमन्त्री पोखरेलले प्रदेशसभाले दुई वर्षको अवधिमा महत्वपूर्ण कार्यभार पूरा गर्दै अग्रता लिन सकेको बताए ।

प्रदेश निर्माणका लागि सरकार र व्यवथापिका मिलेर अघि बढ्न आवश्यक रहेको उनले बताए । सरकारका कामको निगरानी गर्दै सुशासन कायममा प्रदेशको भूमिका रहिरहनुपर्ने उनको भनाइ छ । प्रदेशसभामा गठन भएका समितिले गरेको निगरानीपूर्ण काम प्रभावकारी भएको भन्दै यसलाई अझ सशक्त बनाउनुपर्ने बताए ।

सभामुख पूर्णबहादुर घर्तीले प्रदेशसभाले दुई वर्षको अवधिमा ४८ कानुन निर्माण गरेको बताए । जनताका आवाजलाई बुलन्द रुपमा उठाउनका लागि प्रदेशसभाले निरन्तर काम गरिरहेको उनको भनाइ छ ।

नेपाली कांग्रेसका सचेतक निर्मला क्षेत्रीले प्रदेश राजधानी र नामाकरणको विषय छिट्टै टुंगोमा पुराउनुपर्ने बताइन् । समाजवादी पार्टीका प्रमुख सचेतक सन्तोष पाण्डेले दुई वर्ष बिते पनि राजधानी नतोकिदा जनताले प्रश्न गरिरहेको बताए ।

# 'निर्माण व्यवसायीहरुलाई कालोसूचीमा राख्ने व्यवस्था उचित'



**काठमाडौं/मस–** कमशल निर्माण सामग्री प्रयोग गरी कमजोर संरचना निर्माण गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राखेर कारबाही गर्नुपर्नेमा सांसदहरुले जोड दिएका छन् । संघीय संसद प्रतिनिधिसभा अन्तर्गतको विकास तथा प्रविधि समितिको सोमबारको बैठकमा निर्माण व्यववसायीहरुसँग छलफल गर्दै सांसदहरुले गुणस्तरहिन निर्माण सामग्रीको प्रयोग गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राखेर कारबाही गर्नु उचित भएको बताएका हुन् ।

समिति सभापति कल्याणीकुमारी खड्काले भुलवस कमशल सामग्री पर्न जाने भन्ने कुरा मान्न नसकिने बताउँदै अहिले सम्मको स्थिति हेर्दा व्यवसायीहरुले मिलेमतोमा कमशल निर्माण सामग्री प्रयोग गर्ने गरेको पाइएकाले त्यस्ता निर्माण व्यवसायीहरुलाई कालोसूचीमा राख्ने व्यवस्था उचित भएको बताइन् । उनले जनप्रतिनिधिहरु नै ठेकेदार भएका कारण मिलेमतो बढी हुने गरेको बताइन् । उनले भनिन्, 'जनप्रतिनिधिलाई ठेकेदार बनाउन पाइँदैन, यो प्रस्टै कुरा हो कोही संलग्न छ भने उसले पनि अब ठेकेदारी गर्नुहुँदैन, ठेकेदारी गर्ने हो भने ठेकेदारी नै गर्नुपर्छ अथवा निर्माण व्यववसायी नै हुनुपर्छ, उ व्यवसायी हुनुपर्छ ।'

सांसद गणेशकुमार पहाडीले सम्झौता भएपछि कुनैपनि काम समयमा सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई पनि कारबाही गर्नुपर्ने बताए । उनले कुनैपनि बहानामा काम नसक्ने प्रवृत्तिको अन्त्य गर्नका लागि पनि कारबाही गर्नुपर्नेमा जोड दिए । उनले भने, 'सम्झौता भइसकेपछी कुनैपनि काम टाइम सेड्युल अनुसार काम भएन भने निर्ममतापूर्वक कारबाहीमा जानुपर्छ हामीले पनि सरकारलाई यो भन्दा अगाढि पटक पटक भनेका छौं र यसमा निर्माण व्यवसायीहरुपनि तयार हुनुपर्छ ।' उनले निर्माण व्यवसायीहरुको क्षमतामा समेत प्रश्न उठाए । उनले भने, 'तपाईहरुले आफ्नो क्षमतामा पनि वृद्धि गर्नुर्पयो र कार्यतालिका अनुसार काम गर्नुपर्छ ।'

बैठकमा निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीका समस्याको विषयमा जानकारी गराएका थिए । उनले कतिपय अवस्थामा निर्माण व्यवसायीको धारौटी समेत जफत गरी कालोसूचीमा राख्ने र कारबाही गर्ने नीतिगत व्यवस्थाका कारण निर्माण कार्य प्रभावित हुँदै आएको बताए ।

समितिले निर्माण क्षेत्रका समस्या र चुनौतीका विषयमा जानकारी लिन मंगलबार नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीहरुसँग छलफल गरेको हो ।

पछिल्लो समय कमजोर संरचनाहरु बन्ने क्रम बढ्दै गएको र निर्माण व्यवसायीहरु पनि सार्वजनिक खरिद ऐन प्रति असन्तुष्ट रहेकाबेला समितिले छलफललाई तीब्रता दिएको हो । समितिले सोमबार पनि निर्माणाधीन पुलहरुको अवस्थाको विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागसँग छलफल गरेको थियो ।

# राप्रपाको सक्रिय सदस्यता फारम वितरण अभियान शुरु




**काठमाडौं/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टी केन्द्रीय कार्यसमितिले पारित गरेको कार्यतालिका अनुसार सक्रिय सदस्यता फारम वितरण अभियानअन्तर्गत मंगलबार पार्टीका अध्यक्ष कमल थापालगायत पदाधिकारीलाई फारम वितरण गरिएको छ ।

पार्टी केन्द्रीय कार्यालय धुम्रबाराहीमा मंगलबार आयोजित कार्यक्रममा निर्वाचन समितिका अध्यक्ष तोरणबहादुर गुरुङले पार्टी पदाधिकारीलाई सदस्यता फारम हस्तान्तरण गरेका हुन् । आगामी चैत १५ गतेसम्म वितरण गरिने उक्त फारम पार्टीमा कम्तीमा तीन वर्ष योगदान गरेकालाई वितरण गर्ने नीति छ ।

सक्रिय सदस्यता फारम बुझ्दै अध्यक्ष थापाले कार्यतालिका बमोजिम आफ्नो काम तोकिएको समय सीमाभित्र कार्यसम्पन्न गर्न निर्वाचन समितिलाई आग्रह गरे । उनले सक्रिय सदस्यताको आधारमा पार्टीको महाधिवेशन प्रतिनिधि छनोट हुने हुँदा जनताको सेवालाई केन्द्रमा राखेर संगठनका गतिविधि सञ्चालन गर्न नेता तथा कार्यकर्तालाई निर्देशनसमेत दिए ।

समितिका अध्यक्ष गुरुङले निर्धारित समयअवधिभित्र फारम वितरण कार्यसम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे । पार्टीका सहायक महामन्त्री राजाराम बर्तौलाले सक्रिय सदस्यता फारम वितरणसँगै सातै प्रदेशमा निर्वाचन सम्बन्धी अभिमुखीकरण कार्यक्रमको पनि मिति तय गरिएको बताउँदै यही माघ २९ देखि फागुन १६ गतेसम्म सबै प्रदेशमा अभिमुखीकरण कार्यक्रम राखिएको जानकारी दिए । पार्टीले आगामी जेठ २५ गते महाधिवेशनको मिति तय गरिसकेको छ ।

# गंगामाया र यूएन प्रतिनिधिबीच भेट



**काठमाडौं/मस–** संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधि जुलियान्ड भ्यालेरीले नेपाल सरकारले संक्रमणकालिन न्याय प्रक्रिया परिमार्जन गरी पीडितलाई न्याय दिनुपर्ने बताएकी छन् । ललितपुरको पुल्चोकस्थित संयुक्त राष्ट्रसंघको कार्यालयमा मंगलबार न्यायका लागि लडिरहेकी गंगामाया अधिकारीसँग भेट गर्दै भ्यालेरीले सबैलाई न्याय दिलाउन संक्रमणकालिन न्याय प्रक्रियामा परिमार्जन गर्नु आवश्यक रहेको बताएकी हुन् ।

उनले नेपालमा संक्रमणकालिन न्यायको प्रक्रिया विश्वसनिय ढंगले अगाडि बढ्न नसकेको गुनासो गरिन् । उनले संक्रमणकालिन न्यायको विषय संयुक्त राष्ट्रसंघको विश्वव्यापी आवधिक समीक्षामा पनि उठ्ने भएकाले परिमार्जन गरी अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याइन् । संयुक्त राष्ट्रसंघीय महासन्धीमा हस्ताक्षर गरेको नाताले पनि नेपालले महासन्धीमा भएका अधिकारहरुको पालना गर्नुपर्ने उनले उल्लेख गरिन् । महासन्धीमा हस्ताक्षर गरेका राष्ट्रले महासन्धीमा उल्लेखित विषय पालना गरे नगरेकोमा राष्ट्रसंघको गम्भिर चासो रहेको उनले बताइन् । उनले संक्रमणकालिन न्यायको प्रक्रिया विश्वसनिय ढंगले अगाडि बढाई पीडितलाई न्याय दिन र मानवअधिकारको उल्लंघन हुन नदिने तर्फ सरकार संवेदनशिल रहेकामा आफू विश्वस्त रहेको बताइन् ।

भ्यालेरीसँगको भेटपछि पत्रकारहरुसँग कुरा गर्दै गंगामाया अधिकारीले सरकारले आफुलाई न्याय नदिएकोले संयुक्त राष्ट्रसंघसँग न्यायको अपिल गर्न बाध्य भएको बताइन् । उनले न्याय नपाउँदा सम्म लडिरहने बताइन् । उनले ८/९ वर्ष सम्म पनि आफुलाई सरकारले न्याय नदिएकोमा असन्तुष्टि जनाइन् ।

अधिकारीले तात्कालिन सशस्त्र द्वन्द्वकालमा २०६१ सालमा हत्या गरिएका भनिएका १७ वर्षीय छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्नलाई कारबाहीको माग राख्दै आएकी छन् । गंगामायाका श्रीमान नन्दप्रसाद अधिकारीको आमरण अनशनकै क्रममा २०७१ असोजमा निधन भएको थियो ।


## कतारमा रोजगारको अवसर
कम्पनी : MOONBEAM ENTERPRISES.. शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/२० चलानी नं.: ६०१५१०५० LT. No.: 231453

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric Tech | 1 | 0 | | 1100 | ३४,३८५ | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 1100 | ३४,३८५ | | | | | | | |
| 4. | Labourer | 5 | 0 | | 900 | २८,१३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

FutureLink Connect to your future... Gov. Lic. No. 839/066/067
Future Link International Pvt. Ltd.
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

## साउदीमा रोजगारको अवसर
कम्पनी : ALATIAH CO. LTD. शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ चलानी नं.: ६०१४९५१३ LT. No.: 230196

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ देखि फागुन ८ गतेसम्म (12 to 19 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

elite human resource Pvt. Ltd. श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
Elite Human Resource Pvt. Ltd.
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal
Tel: 01-4387995, 4389849, 4383362, Mob.: 9851072628, 9808875634 9803031722, Email:elitehrnepal@gmail.com, www.ehr.com.np

## साउदीमा रोजगारको अवसर
कम्पनी: BOU ARKAH COMPLEX शहर: HOFUF

पूर्व स्वीकृत मितिः २०७६/१०/२१ चलानी नं.: ६०१५१११९ LT. No.: 232132

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chief | 1 | 0 | स. काममा दक्ष | 1300 | ३९,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 4380649, 4478611, 9851181748, 9851179844, Email: info@kalinchokhr.com.np

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/१०/२२

यस कम्पनीको मिति २०७६/०९/१५ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अतुल आल्मुनियम फ्याबकेट प्रा.लि. (प्रा.लि.नं. ११५८७६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **याङरीमा मल्टिपल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## अन्तरवार्ता सरेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री ह्याप्पी नेपाल इम्प्लोइमेन्ट प्रा. लि. (ई.प्र.नं. ८८३/०६७/०६८) मा मलेसिया देशको CARRIER INTERNATIONAL S/B कम्पनीबाट माग भई आएको कामदारको पूर्व स्वीकृत मितिः २०७६/१०/१४, चलानी नं.: ६०१५०६७९ र LT No. : LT. No.: 231098 मा लिई मिति २०७६/१०/१५ गते पत्रिकामा प्रकाशित गरेको र उक्त प्रकाशित पत्रिकामा अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २३ र २४ गते (6 & 7 Feb. 2020) मा हुने भनिएकोमा उक्त दिन प्राविधिक कारणबस अन्तर्वार्ता गर्न नसकिएकोले उक्त अन्तर्वार्ता मेनपावर कार्यालय बसुन्धारा, काठमाडौंमा फागुन ६, ७, ८, ९ र १० गते (18, 19, 20, 21 & 22 Feb. 2020) मा सारिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

HNE ह्याप्पी नेपाल इम्प्लोइमेन्ट प्रा. लि.
श्रम इजाजत पत्र नं. ८८३/०६७/०६८
बसुन्धारा–३, काठमाडौं, फोन: ५९०३३६४, ५९०३३६२
मो.: ९८५११७१०३९, ९८०८३६७७४५
E-mail: cvshne@outlook.com

## मलेसियामा रोजगारको अवसर
कम्पनी: AHS SECURITY SDN.BHD शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७६/१०/२१ चलानी नं.: ६०१५१११४ LT. No.: 232106

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1200 | ३३,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Frontline Recruitment
Frontline Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
New Baneshwor, Shantinagar-34, Kathmandu, Nepal, P.O. Box: 13708
Tel : 4493645, 4493646, 4496647, Mobile no: 9808906734
Email: nfo@manpoweragencynepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : ANIRASS GAYA SECURITY SERVICES SDN. BHD., KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७६/०९/२४ चलानी नं.: ६०१४९८४६ LT. No.: 229290 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

न्यू सृष्टि ओभरसिज प्रा. लि. Govt. Lic No.: 1036/073/074
नयाँ बानेश्वर, काठमाडौं ,नेपाल, फोन: ४१०५१२५, फ्याक्स: ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com

## संसद्‌मा कोरोनाको चर्चा

# कानून मन्त्रीले दिए जवाफ

**काठमाडौं/मस–** सरकारले नोवेल कोरोना भाइरस संक्रमण र नियन्त्रणका लागि भइरहेका प्रयासबारे संघीय संसद्‌लाई जानकारी गराएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सरकारको तर्फबाट स्वास्थ्य तथा जनसंख्या एवं कानून न्याय तथा संसदीय मामिला मन्त्रीले समय लिएर बोल्दै कोरोना भाइरस संक्रमण फैलिन नदिन सरकारबाट भएका कामकारवाहीको जानकारी गराएका हुन् ।



प्रधानमन्त्रीको नेतृत्वमा दुई पटक मन्त्रीहरु र सम्बन्धित विज्ञ सम्मलित बैठक बसेको, स्वास्थ्य मन्त्रीको नेतृत्वमा उच्चस्तरीय निर्देशक समिति बनाएको, प्राविधिक र आन्तरिक व्यवस्थापनको काम संयोजनका निम्ति स्वास्थ्य मन्त्रालयको सचिवको नेतृत्वमा कार्यकारी समिति बनाएर काम भइरहेको पनि उनले स्पष्ट पारे । संक्रमणबाट बच्नका लागि जनचेतना मुलक विज्ञापन बनाइएको र सम्बन्धित विज्ञहरुसँग विभिन्न चरणमा बैठक गरी अन्तरक्रिया, परामर्श गर्ने काम भइरहेको उनले उल्लेख गरे ।

उनले चिनमा रहेका विद्यार्थीलाई ल्याउने विषय गम्भीर प्रश्नको रुपमा रहेको र बिलम्ब नगरी ल्याउने क्रममा सरकार जुटेको स्पष्ट पारे । उनले सरकार नेपाल फर्कन चाहनेलाई ल्याउन तयारी अवस्थामा रहेको र उनीहरुलाई ल्याएपछि अरुलाई संक्रमण नसरोस् भनेर पनि गम्भीर हुनुपर्ने आवश्यकता रहेकाले त्यही अनुसारको सतर्कता अपनाउने तयारी भइरहेको बताए ।

वुहान प्रान्तमा विमानस्थल बन्द रहेको र यातायात पनि संञ्चालनमा नरहेकाले स्थानीय सरकारसँगको समन्वयनमा त्यहाँका नेपालीलाई नेपाल ल्याई न्यूनतम १४ दिन क्वारेन्टाईनमा राखेर मात्रै सार्वजनिक सम्पर्कमा पठाउने गरी आवश्यक तयारी गरिएको उनले बताए ।

कुनै पनि रोगको संक्रमण फैलिएको अवस्थामा संक्रामक रोग ऐन २०२० को दफा २ को ३ अन्तर्गत सरकारले आदेश जारी गरेर व्यक्तिहरुलाई राख्न सक्ने कानुनी प्रावधान अनुसार आदेश जारी पनि गरिसकेको उनले स्पष्ट पारे । उनले तत्कालका लागि ३ वटा अस्पतालमा ४३ वटा वेडको व्यवस्था मिलाइएको र अन्य अस्पतालमा पनि आवश्यक परामर्श भइरहेको, तत्कालका लागि काठमाडौं उपत्यका भन्दा बाहिर पोखरा, चितवन, र भैरहवामा हेल्प डेक्सको व्यवस्था गरिएको तथा रसुवा र तातोपानी नाकालाई पनि संभावित जोखिमको ठाउमा राखेर आवश्यक तयारी गरिएको उनले स्पष्ट पारे ।

उनले सरकारले चीनमा रहेका नेपाली विद्यार्थीलाई ल्याएर राख्ने ठाउँ नपाएको भन्ने भनाइमा सत्यता नभएको र ढिलाई गरेको भन्ने भनाइमा सत्यता नभएको दाबी गरे । उनले भने, 'ल्याएका विद्यार्थीलाई कुन स्थानमा राख्ने भन्ने कुराको नजिक निष्कर्षमा पुगेका छौं । बस्तीभन्दा टाढा रहेको ठाउहरु नै छान्नु उपयुक्त हुन्छ भन्ने बुझाइमा सरकार रहेको छ । ठाउँ नै नपाएर बानेश्वरको हलमा राख्ने कुराले रोग न्यूनीकरण हुन्छ भन्ने हामीलाई लाग्छ र त्यही गर्दा हुने हो भने यस्ता ठाउँहरु त पर्याप्त नै पाउछौं । तर त्यो पुर्ण रुपमा रोगलाई संक्रमित हुन नदिने भन्दा पनि अभिव्यक्ति स्वतन्त्रताको उपयोग मात्रै हो भन्ने मेरो बुझाइ रहेको व्यहोरा पनि म गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु ।'

प्रतिनिधिसभाको मंगलबारकै बैठकमा समाजवादी पार्टीका सांसद प्रदीप यादवले चीनबाट उद्धार गरी ल्याउने नेपालीलाई राख्ने ठाउँ नपाए संसद भवन खाली गर्न प्रस्ताव गरेका थिए । उनले चीनमा कोरोना भाइरसको उत्पत्ति र बढी संक्रमण पनि फैलिएकाले उनीहरुले यसमा उच्चा सर्तकता र कडा व्यवस्थापन गर्नु जरुरी भएपनि नेपालमा समस्या नभएकाले उसको जस्तै तयारी गर्नुपर्छ भन्ने भनाइ तर्कसंगत नभएको बताए ।

उनले भने, 'चीन सरकार जसरी नाच्छ त्यही तालमा हामीले खुट्टा उचालिहाल्नुपर्छ भन्ने कुरा नेपाल सरकार विश्वास गर्दैन । हामीले हाम्रो आवश्यकताको आधारमा गर्ने हो ।' उनले विद्यार्थी समयको भनाइ उद्धृत गर्दै त्यसै सांसदहरुल गरेको टिप्पणीको तुलना गरे । उनले भने, 'दिल्ली र बेइजिङमा मा पानी पर्‍यो भने काठमाडौंमा हुनेहरु आफ्ना आफ्ना पक्षधरतामा छाता ओढ्छन् भने जस्तै हो ।'

उनले चिनबाट ल्याएका नेपालीहरुलाई राख्ने स्थान हेरिसकेको र ती स्थानमा राख्ने सवालमा बिलम्ब नहुने स्पष्ट पारे । नेपाल ल्याउनु भन्दा अगाडि चिनीयाँ सरकारले परीक्षण गर्ने, पोजेटिभ देखिएमा उतै राख्ने र संक्रमण हो भनेर प्रमाणित नभएको तर जोखिम युक्त क्षेत्रबाट आएकालाई संक्रमण हुन सक्ने भएकाले निगरानीमा राख्ने प्रबन्ध मात्रै मिलाउने काम भएको उनले बताए । उनले विमानस्थलमा नै हेल्प डेक्स राखिएको र मेसिनबाट जाँच्ने काम भइरहेको पनि उल्लेख गरे । नेपाल फर्कन चाहनेहरुको फर्म भर्नु भनेर गरेको आह्वानमा १ सय ८० जनाले मात्रै फर्म भरेको उनले जानकारी गराए ।

माघ १६ गते अन्तर्राष्ट्रिय स्तरमा इमरजेन्सीको घोषणा गरेको भएपनि व्यापार र यातायातमा कुनै प्रतिवन्ध नलगाइएको उनले स्पष्ट पारे । यसको संक्रमणबाट विरामी सिकिस्त पनि नहुने र अस्पताल जाने स्थिति कम भएको तथा एउटा विरामीबाट अर्को स्वस्थ्य व्यक्तिमा सर्नका लागि २ देखि १४ दिन लाग्ने भएकाले यसमा सावधानी अपनाउनुपर्ने उनले उल्लेख गरे । चीनको वुहानबाट पढेर फर्किएका एक विद्यार्थीमा कोरोना भाइरस संक्रमण देखिएको भएपनि अहिले नियन्त्रणमा आइसकेको र शंकास्पद १३ जनाको परीक्षणमा पोजिटिभ नदेखिएको उनले बताए ।

यसअघि बैठकको शुन्य समयमा बोल्दै सांसदहरुले समसायिक र क्षेत्रगत विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । सांसद् दिलेन्द्र प्रसाद बडूले कोरना भाइरसको महामारी रोकथामबारे नेपाल सरकारको योजना के छ भनी प्रश्न गरे । उनले चीनमा रहेका नेपालीको संख्या, अवस्था र उद्धारका लागि भइरहको प्रयास र सो रोगको भरपर्दो र सुरक्षित उपचारको व्यवस्था गर्न सक्ने तयारी के छ सो बारे सदनलाई जानकारी गराउन माग गरेका थिए ।

सांसद् दिव्यमणि राजभण्डारीले विश्वभर नै नकारात्मक रुपमा कोरना भाइरसका बारेमा नकारात्म सन्देश फैलिरहेको भन्दै नेपाल सरकारलाई सच्चाई ढंगले चीनलाई सहयोग गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद् निरु देवी पालले सुदुरपश्चिम र मध्यपश्चिमका छाउगोठ भत्काउने काम भएको भन्दै गृहमन्त्रालयलाई धन्यवाद दिदै छाउगोठ भत्काएकोमा विरोध गर्नेलाई एकदिन मात्रै छाउगोठमा बसेर देखाउन चुनौती दिइन् ।

त्यसैगरी सांसद् डिला संग्रौलाले नेपालका मेडिकल कलेजले लिएको बढी शुल्क फिर्ता गर्ने सहमति भएपनि कार्यान्वयन नहुन नसकेको भन्दै सो को बारे यथार्थ जानकारी सदनलाई गराउन माग गरिन् ।

यसैबीच बैठकमा बिभिन्न दुई समितिको प्रतिवेदन पेश भएको छ । बैठकमा महिला तथा सामाजिक समितिका सभापति निरुदेवी पालले 'ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०७६' पेश गरिन् । यसैगरी शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीले 'पारमाणविक विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०७६ पनि पेश गरिन् ।

त्यस्तै बैठकले पूर्वसांसद श्रीराम श्रेष्ठको निधनमा शोक प्रस्ताव पारित गरेको छ । सभामुख अग्निप्रसाद सापकोटाले २०४८ सालमा नेपाली काँग्रेसका तर्फबाट राष्ट्रियसभामा निर्वाचित श्रेष्ठको निधनमा प्रस्तुत गरेको शोक प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो । प्रतिनिधिसभाको अर्को बैठक बिहीबार बोलाइएको छ ।

## आंशिक प्राध्यापकको आन्दोलन स्थगित

**पोखरा/मस–** आंशिक प्राध्यापक संघले पृथ्वीनारायण क्याम्पसमा शुरु गरेको आन्दोलन स्थगित भएको छ । क्याम्पसमा अध्यापनरत आंशिक प्राध्यापकले दैनिक ज्यालादारी प्रथाको अन्त्य हुनुपर्ने माग राख्दै विगत एक हप्तादेखि आन्दोलमा होमिएका थिए । संघको आह्वानमा आंशिक प्राध्यापकले कक्षा वहिस्कार गर्दै आएका थिए ।



कक्षा वहिस्कारका कारण एक हप्ता क्याम्पसको पठनपाठन पूर्ण रुपमा बन्द भएको थियो । त्रिभुवन विश्वविद्यालयका प्रतिनिधि, पृथ्वीनारायण क्याम्पस प्रशासन र संघका प्रतिनिधिबीच भएको त्रिपक्षीय वार्तामार्फत समस्या समाधान गर्न सहमति भएपछि आन्दोलन तत्कालका लागि स्थगित गरिएको संघका अध्यक्ष सुनिल गौतमले जानकारी दिए ।

उनले विद्यार्थीको पढ्ने अधिकारलाई रोक्न नखोजिएको भन्दै स्वविवु निर्वाचन, आन्तरिक रुपमा चलेका परीक्षा र हिउँदे बिदा पछाडि कक्षा नहुँदा पठनपाठन अस्तव्यस्त भएको भन्दै आन्दोलन तत्कालका लागि स्थगन गरेको बताए ।

क्याम्पस प्रमुख प्राध्यापक चन्द्रबहादुर थापाले आंशिकको मागलाई सम्बोधन गर्ने बताए । उनले भने, 'यो समस्या आंशिकको मात्रै होइन, समग्र त्रिभुवन विश्वविद्यालयको हो, त्यसैले जती सक्दो चाँडो समस्या समाधान गर्नेतर्फ हामी लागि पर्नेछौं ।'

विगत १४ वर्षदेखि दैनिक ज्यालादारीका रुपमा अध्यापन गराइरहेका २१८ आंशिक प्राध्यापकहरुले सामूहिक राजिनामा दिने भन्दै आन्दोलनमा उत्रिएका हुन् । संघका सचिव खिमानन्द पौडेलले क्याम्पसको कतिपय अवस्थामा त नियमित कक्षा सञ्चालन भइरहेको र कोर्ष नसकिएको अवस्थामा कक्षा बन्द भएको सूचना जारी गरी पठनपाठन भएको दिनको पारिश्रमिक नदिने गरेको बताए ।

**पोखरामा कोराना भाइरस विरुद्ध सचेतना**

चीनमा देखा परेको कोरोना भाइरसबारे कसरी जोगिने भन्ने बारेमा पोखरामा कोरोना भाइरस सचेतना शिविर सम्पन्न भएको छ । वसन्त ट्रेड कन्सर्नले मंगलबार पोखरामा फेमिली, हेल्थ एण्ड हेप्पिनेस र कोरोना भाइरस सचेतना शिविरको आयोजना गरेको हो । स्कुल अफ ह्याप्पिनेसका संस्थापक एवं माइण्ड केमेष्ट्रि रिसर्च पर्सन हरि सिटौलाले स्वास्थ्य नै धन भएकाले कुनै पनि रोगसँग लड्न पहिला स्वस्थ मानसिकता आवश्यक रहेको औंल्याए । उनले पर्याप्त मात्रमा झोल पदार्थ पिउने, पर्याप्त मात्रामा आराम र अक्सिजन लिने गर्दा रोगसँग लड्न क्षमता वृद्धि हुने बताए ।

कार्यक्रममा पोखरा महानगरपालिका–३ का वडाध्यक्ष रविन्सन प्रजुले खुशी र आनन्द हुन सके धेरै रोगबाट मुक्ति मिल्ने बताए । उत्कृष्ट जीवनयापनका लागि गर्न हुने र गर्न नहुने कुराको नियमलाई पछ्याउन सके मात्रै मानिसको जीवन सुखी र निरोगी हुने उनको भनाइ थियो ।

पोखरा उद्योग वाणिज्यसँग स्वास्थ्य उपसमिति संयोजक राम केसीले कोरोना संक्रमणको भय र त्रास फैलाउनु भन्दा यसबाट जोगिने विषयमा ध्यान दिएर सचेत बन्नुपर्ने बताए ।

## 'प्रदेशसभाले सहकार्यको संस्कृतिलाई स्थापित गरेको छ'

**बुटवल/मस–** प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेलले प्रदेशसभाले सहकार्यको संस्कृतिलाई स्थापित गरेको बताएका छन् । प्रदेश नं. ५ को स्थापना दिवसका अवसरमा मंगलबार बुटवलमा आयोजित कार्यक्रममा उनले भने, 'कानूनी शासन व्यवस्थालाई सवल बनाउन प्रदेशसभाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।'

मुख्यमन्त्री पोखरेलले संघीय प्रणालीमा शक्ति पृथकीकरणको प्रयोग भएको उल्लेख गर्दै प्रदेशस्तरमा व्यवस्थापिका र कार्यपालिकाले काम गरिरहेको जानकारी दिए । उनले भने, 'हामीले विकासको आकांक्षा र मौलिक लोकतन्त्रको प्रयोग आफ्नो ढंगले गरिरहेका छौं ।'

प्रमुख प्रतिपक्ष नेपाली काँग्रेसका सचेतक निर्मला क्षेत्रीले प्रदेशको राजधानी र नामकरणको विषयलाई टुंगो लगाउन ढिला भएकोमा चिन्ता व्यक्त गर्दै प्रतिपक्षले सरकारसँग सबै विषयमा हातेमालो गर्न तयार भएको बताए । संघीय समाजवादी पार्टीका सन्तोष पाण्डेले प्रदेशको विकासका लागि सबैको सुझाव र सहयोग आवश्यक भएको बताए । प्रदेशसभाका ८६ सदस्यमध्ये अधिकांश अनुपस्थित रहेको सो कार्यक्रममा थारु संस्कृतिको झाँकी र सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा प्रदेशसभाका पूर्वसचिव सुरेन्द्र अर्याल, डा मनबहादुर विक, प्रेम भट्टराईलगायतका कर्मचारीलाई सम्मान गरिएको थियो ।


नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय
डिल्लीबजार, काठमाडौं

**वेभसाईड तथा मोवाईल एप्स निर्माण र डिजिटल आर्काईभ सेवा आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशन मिति :- २०७६/१०/२२ गते)**

यस कार्यालयलाई आवश्यक परेको स्वीकृत स्पेशिफिकेसन बमोजिमको नेपालमा हालसम्म प्रकाशन भएका हुलाक टिकट, हुलाक स्टेशनरी तथा सोको प्रथम दिवसीय आवरणहरुको डिजिटल आर्काईभ गर्ने र खरिदकर्ता तथा सर्वसाधारणको पहुँचमा पुऱ्याउन वेभसाईड तथा मोवाईल एप्स निर्माण सेवा समेत आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनको १२:०० बजेसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र र बोलपत्र दस्तुर रु.१०००/- (पछि फिर्ता नहुने गरी) बैंकको नाम :राष्ट्रिय वाणिज्य बैंक टेकु शाखा, खाता नं १०००२०००१००००, कार्यालयको नाम : फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय, कार्यालय कोडनं ३५८०३३५०५, राजश्व शीर्षक नं १४२२९ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी निवेदन साथ पेश गरेपछि नियमानुसार यस कार्यालयबाट उपलब्ध गराइने छ ।
२) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनको १५:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई सिलबन्दी बोलपत्र दर्ता गराउन सकिने छ ।
३) दरभाउ पत्र फारम साथ जमानत बापतको रकम खाता संचालन गर्ने कार्यालय : कोष तथा लेखा नियन्त्रक कार्यालय १ नं.भुक्तानी केन्द्र त्रिपुरेश्वर काठमाण्डौं, खाता नं १७००२०३ (धरौटी) जम्मा गर्न पठाउने कार्यालय : फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय, सुन्धारा काठमाडौं, कार्यालय कोड नं ३५८०३३५०५ मा जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र बुझाउने अन्तिम मितिदेखि कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर, वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।
४) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १५औं दिनको १६:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रीत नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन । दरभाउपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
६) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।
७) अन्य कार्यविधिहरु आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
८) दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा वा फोन नं. ०१-४४३०३२९ मा सम्पर्क गर्न सकिने छ ।

| दरभाउपत्र/ठेक्का नं. | सामान/उपकरण वा सेवाको नाम | आवश्यक परिमाण र इकाई | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| IFB NO : PPSMO 02/076-77 | वेभसाईड तथा मोवाईल एप्स निर्माण र डिजिटल आर्काईभ सेवा | १ (एक) पटक | १,०००/- | २२,५००/- |



**SAUDI मा रोजगार** | कम्पनी : GEIDEA FOR TECHNOLOGY CO
शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११६२ LT. No.: 232518

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 1 | 0 | स. काममा दक्ष | 2500 | ७५,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ गते (12 Feb. 2019) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५
लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-4282300, 4282303
Mob. : 9851013724, 9851071190, 9851049837, 9817963472
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com



**कतारमा वैदेशिक रोजगार** | कम्पनी : STYRO ENTERPRISES LLC
शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७६/०९/२२ चलानी नं.: ६०१४९६८९ LT. No.: 230593

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 3 | 0 | | 1100 | ३४,३८५ | | | | | | | |
| 3. | Labourer | 5 | 0 | | 900 | २८,१३५ | | | | | | | |
| 4. | Gen.clean Worker | 2 | 0 | | 900 | २८,१३५ | | | | | | | |

अन्तर्वार्ता रमानन्द होटल जनकपुरमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 1363/074/075
INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.
Sinamangal, Manpower Bazzar, Kathmandu.
Phone No: 01-4481546 Mob: 98018154083, 9815926684, 9803190690



**SAUDI मा रोजगार** | Company : GLOBAL ENVIRONMENT MANAGEMENT SERVICES
City : RIYADH
पूर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११०७ LT. No.: 232259

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labour | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 11 | 0 | | 1800 | ५४,६१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ७०६/०६४/०६५
इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोन: ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com



**साउदीमा रोजगार** | १. कम्पनी : SOLAIMAN BIN SALEH AL MOHALEB AND SONS HOLDING COMPANY
शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११५५ LT.No.: 231840

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker (Labour) | 10 | 0 | | 1000 | ३०,३४० | | | | | | | |

२. कम्पनी : BEAUTY TOUCH CLINILCS... शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/१०/२१ चलानी नं.: ६०१५११५४ LT.No.: 231839

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
पञ्चकुमारी गेट, सिनामंगल काठमाडौं, फोन नं. ४४६५३९४, ४४६५४९४
फ्याक्स : ४४६५२४३, मो. : ९८६०४२२१४२, ९८०११७३२३४, E-mail: threebrothershr@gmail.com

# 'देश विखण्डनको ठेक्का अमेरिकालाई दिन सकिँदैन'

**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी नेकपाका स्थायी कमिटी सदस्य भीम रावलले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को नाममा देश विखण्डनको ठेक्का अमेरिकालाई दिन नसकिने बताएका छन् । एमसीसी तथा लिम्पियाधुरा, कालापानी लिपुलेकमाथिको कब्जा र राष्ट्रिय स्वाभिमानको प्रश्न विषयक सर्वपक्षीय अन्तरक्रियामा रावलले एमसीसीले देशमा विखण्डन ल्याउने र त्यसको जिम्मा अमेरिकालाई दिन नसकिने बताएका हुन् ।




परियोजनाका बुँदामा सीमान्तकृत को ? पछाडी परेको को ? अमेरिकाले छुट्याउने उल्लेख भएको प्रशंग जोड्नुहुँदै रावलले यस्तो बताउनुभएको हो । नेपालको कानूनले नै स्पष्ट रुपमा सीमान्तकृत र पछाडी परेका समुदायको विषयमा व्यख्या गरेको बताउँदै उनले भने, 'सीमान्तकृत को ? पछाडी परेको को ? त्यो ब्याख्या गर्ने काम नेपालको हो । हाम्रो कानूनले गरेको छ । हामी कुनै देशलाई निम्ता गरेर को सीमान्तकृत हो ? को पछाडी परेको हो भनेर हाम्रो सामाजिक विखण्डनको ठेक्का हामी दिन सक्छौ ? दिन मिल्छ ? मिल्दैन ।'

विद्युत प्रशारण लाइन काठमाडौं, नुवाकोट हुँदै पाल्पा किन लान खोजिएको भन्दै उनले प्रश्न समेत गरे । स्वतन्त्र र सार्वभौम मुलुकले कनै देशसँग दुईपक्षिय सम्झौता गर्दा तेस्रो मुलुकको सहमति लिनुपर्छ भनेर कतै नलेखेको उल्लेख गर्दै रावलले प्रशारण लाईन नेपालको भित्र पर्छ की बाहिर भन्दै उनले प्रश्न गरे । परियोजनाका प्राविधिक र कर्मचारीहरुलाई कथितको संज्ञा दिनुहुँदै रावलले भने, 'म कथित प्राविधिक र जागिरेहरुलाई सोध्न चाहान्छु । यो प्रशारण लाई नेपालको सीमाना भित्र पर्छ कि सीमाना बाहिर ?' रावलले नेपाललाई रानीतिक, कानूनी, व्यवहारिक, इसारा, संकेत कुनै पनि किसिमले अरु देशको उपग्रह हो भन्ने अर्थ लाग्ने गरी शब्द लेख्न नमिल्ने बताए ।

सम्झौताका बुँदाहरुमा अमेरिकामा भविष्यमा बन्ने कानूनको उलंघन भएमा वा अमेरिकाको हित विपरित कृयाकलाप गरेमा सम्झौता बदर हुने भन्ने विषयमा मान्न नसकिने रावलले उल्लेख गरे । उनले भने, 'अमेरिकाको वर्तमान वा भविष्यमा लागु हुने कानून उलंघन गरेमा, राष्ट्रि हित विपरितका कृयाकलाप गरेम यो सम्झौता बदर हुनेछ भनेको छ । यो कस्तो आश्चर्यको कुरा हो ? आजको कानून मात्रै होइन उसले भविष्यमा बनाउने कानून पनि नेपालमा लागु हुने ? यस्तो कुरा प्रष्ट देख्दा देख्दै । ठिक छ भनेर तर्क दिने मानिसहरु नेपालको भूमिमा टेकिरहेको ठानेका छन् की कुनै देशले अन्तरिक्षमा पठाएको स्याटेलाइटमा यात्रा गर्छु भनेर ठानेका छन् । मलाई आश्चर्य लागेको छ ।'

रावलले सार्वजनिक रुपमै एमसीसीमा भएका बुँदाहरु राष्ट्रहित विपरित भएको भन्दै विरोध जनाउँदै आएका छन् । राजनीतिक विश्लेषक श्याम श्रेष्ठले अमेरिकी सरकारका मन्त्री, दूतावास, दूतावासका कर्मचारीले एमसीसी इण्डो प्यासिफिक रणनीतिकको अंग भएको बताइरहँदा पनि यो होइन भनेर नेताहरुले भन्दा शंका गर्ने ठाउँ रहेको बताए । 'उनीहरुले ढाँटेका छैनन् । यो मामलामा ढाँटेका छैनन की यो एमसीसी चाहिं आइपीएसकै अंग हो भन्ने कुरामा मन्त्रीले पनि त्यही कुरा भनिरहेका छन् । राजदुतावासले त्यहि कुरा भनिरहेका छन् । र दुतावासको कर्मचारीले पनि त्यही कुरा भनिरहेका छन् । बोल्दा बोल्दै पनि यो कुरा होइन होई भनेर भन्ने कुरा भइराखेको छ संका गर्ने ठाउँचाहिं त्यहाँ छ । यो किन भनिराखेको छ त्यसकारणले यो सम्बन्धमा यो डकुमेन्ट त्यहाँको सैनिक डकुमेन्ट हो चाइनालाई घेर्नको लागि हो रसियालाई घेर्नको लागि पनि हो उत्तर कोरीयालाई घेर्नकै लागि हो भनेर यसैमा लेखिएको छ ।', उनले भने ।

सीमाविद् बुद्धि नारायण श्रेष्ठले एमसीसीले मुलुकको स्वाधिनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतामा प्रतिकुल असर पोर्न बताएका छन् । सम्झौता इण्डो प्यासिफिक भित्र पर्ने भएकाले यो लागु भएमा नेपालको असंग्न पराराष्ट्र नीतको उलंघन हुने पनि उनले बताए । श्रेष्ठले नेपालबाट चीनको विकासको खुट्टा तान्न र चीनलाई घेर्न यो परियोजना अमेरिकाले अघि सारेको उल्लेख गर्दै उनले नेपालमा फ्रि तिब्बतको नारा घन्किने चेतावनी समेत दिए ।

श्रेष्ठले महाकाली सन्धी अपरिपक्व भएका कारण भारतले नेपालको भूमि समेटेर नयाँ नक्सा जारी गर्ने साहस गरेको बताए । महाकाली सन्धि हुँदा महाकाली नदी नै सीमा नदी भनेर उल्लेख गरेको तर नदीको उद्गमस्थल लिम्पियाधुरा भनेर नलेखेका कारण यो अवस्था आएको उनले बताए । सीमा समस्या सामाधानका लागि सरकारले जतिसक्दो चाँडो आफ्नो पुरै भूमि समेटेर नयाँ नक्सा जारी गर्नुपर्ने उल्लेख समेत गरे । संविधान संशोधन गरेर नेपालको पुरै नक्सा राख्नुपर्ने उनले बताए ।

देशभक्त जनगणतान्त्रिक मोर्चाका संयोजक सिपी गजुरेलले राष्ट्रिय स्वाधिनताका लागि आफ्नो पार्टी कहिलै नझुक्ने बताए । नेपालमाथि हमला गरी कब्जा गर्ने षड्यन्त्रलाई ध्वस्त पार्न एकजुट हुनुनपर्ने उनले बताए । सत्तारुढ दलभित्र र बाहिर पनि एमसीसीको विषयमा बहस सुरु भएको छ । पछिल्लो समय सत्तारुढ दल नेकपाको केन्द्रीय समिति बैठकमा पनि यो विषय उठेपछि अध्ययन गर्न कार्यदल नै बनेको छ । कार्यदलमा झलनाथ खनाल संयोजक छन् भने रावल सदस्य छन् ।

# कान कम सुन्ने हिताधिकारीलाई श्रवण यन्त्र : सेना

**काठमाडौं/मस-** नेपाली सेनाले कल्याणकारी कोषबाट प्रदान गरिँदै आएको 'सुविधा र सहुलियत' विस्तार गर्ने भएको छ । सुविधा विस्तार गर्ने क्रममा सेनाले बहालवाला तथा भूतपूर्व सैनिक र तिनका आश्रित परिवारको हितका लागि सबै पृतनामा सुपथ मूल्य पसल सञ्चालन गर्न लागेको छ ।

प्रधानसेनापति पूर्णचन्द्र थापाका अनुसार पहिलो चरणमा सेना दिवसका अवसरमा काठमाडौंमा सहुलियत सुपथ पसल सञ्चालन हुनेछ । यसअघि सेनाद्वारा सञ्चालन हुँदैआएको बसुन्धरा क्यान्टिन (सुपथ मूल्यको पसल) बाट बजार भाउभन्दा करिब १० देखि १९ प्रतिशत छुटमा दैनिक उपभोग्य सामग्री उपलब्ध हुँदै आएको छ ।

सैनिक कल्याणकारी बोर्डबाट सुविधा प्राप्त गर्ने व्यक्तिले उत्पादन गरेका सामान बजारीकरणको पनि सेनाले अध्ययन गरिरहेको छ । सैनिक सेवाबाट अवकास प्राप्त सैनिक तथा तिनका विधवा/विदुरलाई उपलब्ध गराइँदै आएको कल्याणकारी निवृत्तिभरणलाई राष्ट्रिय बीमा संस्थानसँगको सहकार्यमा स्वेच्छिक आधारमा जीवन बीमामा रूपान्तरण गर्ने प्रक्रिया अघि बढाउन लागेको जानकारी दिइयो ।

सैनिक सेवामा रहँदा घाइते सैनिकका सहयोगीलाई मासिक रु १० हजार निवृत्तिभरण र बहालवाला एवं अवकास प्राप्त सैनिकलाई आवश्यकताका आधारमा औषधोपचार खर्च वार्षिक रु एक लाख १० हजारमा नबढ्ने गरी उपलब्ध गराइने भएको छ । उक्त सुविधाअन्र्तगत कान कम सुन्ने व्यक्तिहरुलाई समेत रु २५ हजार मूल्यसम्मको श्रवण यन्त्र उपलब्ध गराइने छ ।

सैनिक कल्याणकारी कोषबाट सुविधा प्राप्त गर्नेको संख्या अहिले करिब आठ लाखको हाराहारीमा छ । सेनाले कल्याणकारी कोषबाट स्वास्थ्य, शिक्षा, सीप र स्वरोजगार तथा सुविधा र सहुलियतका कार्यक्रममा हिताधिकारीको पहुँच विस्तार गरिरहेको छ ।

हिताधिकारीको जीवनस्तर उकास्ने अभिप्रायले सेनाले विगतमा नेपाल इन्भेस्टमेन्ट बैंकसँगको सहकार्यमा लघुवित्त कार्यक्रम सञ्चालन गर्दैआएको छ । उक्त कार्यक्रममार्फत अहिलेसम्म २७ हजार भन्दा बढी व्यक्तिले चार दशमलव पाँच प्रतिशत ब्याजमा सहुलियतपूर्ण कर्जा प्राप्त गरिसकेका छन् । उक्त कार्यक्रमबाट हिताधिकारीको जीवनस्तर उकास्न ठूलो योगदन पुगेको सेनाले जानकारी दिएको छ ।

# 'उत्तरगंगाको छिटो निर्णय होस्'

**रमेश लम्साल/रासस**
ढोरपाटन, २१ माघ

'आयोजना निर्माण गर्ने भए छिटो शुरु गर्नुस्, सधैं स्थानीयवासीलाई आश मात्रै नदेखाउनुस् । स्पष्ट निर्णय गरेर आउनुभयो भने हामी हरतरहले सहयोग गर्न तयार छौँ । होइन भने तत्काल आयोजना निर्माण नगर्ने घोषणा गर्नुस्,' यो पीडामिश्रित आक्रोश हो, ढोरपाटन नगरपालिका-९ का वडाध्यक्ष हरिबहादुर घर्तीको ।

सरकारले कूल ८२८ मेगावाट क्षमताको उत्तरगंगा जलाशययुक्त आयोजना निर्माण गर्ने भनेर चर्चा गरेको लामो समय भयो । नेपाल विद्युत् प्राधिकरणले अध्ययन गरिरहेको सो आयोजनाले गति नलिँदा स्थानीयवासीमा पीडामिश्रित आक्रोश छ । उनीहरु आयोजना बनोस् भन्ने पक्षमा नै छन् । हरतरहले सहयोग गर्ने पक्षमा पनि उनीहरु देखिएका छन् तर सरकारले आयोजनालाई जुन गतिका साथ अगाडि बढाउनुपर्ने हो, त्यसो नगर्दा उनीहरुमा संशय पैदा भएको छ ।

स्थानीयवासीको सोही संशयलाई वडाध्यक्ष घर्तीले प्रस्तुत गरेका हुन् । आयोजनाको अवस्था तथा भइरहेको काम कारवाहीको बारेमा जानकारी लिन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन आयोजना प्रभावित बागलुङ र रुकुम पूर्वका जनप्रतिनिधिसहित लिएर सोमबार ढोरपाटन पुगेका थिए । सोही क्रममा स्थानीयवासीले मन्त्री पुन र जनप्रतिनिधिसँग आयोजनालाई शिघ्रातिशिघ्र गति दिन आग्रह गरेका थिए ।

उनीहरुले आयोजना निर्माण भए बागलुङ र रुकुम पूर्वको मात्रै नभई समग्र देशको समेत हित हुने भएकाले कुनै पनि बहानामा आयोजनामा ढिलाइ नगर्न आग्रह गरेका थिए । ढोरपाटन-९ का दुर्गे सुनारलाई पनि आयोजना बनिदिए आफ्नो गाउँ ठाउँमा विकासले गति लिन्थ्यो कि भन्ने विश्वास छ । ' चर्चा चलेको लामो समय भयो, तर स्थानीयवासीसँग कुनै कुराकानी भएको छैन । कहिले लौ अब हुने भयो भन्ने आउँछ, कहिले लौ नहुने भयो भन्ने हल्ला आउँछ । जे गर्ने हो छिटो गरिदिए हुन्थ्यो,' वडाध्यक्ष घर्तीको जस्तै गुनासो छ सुनारको पनि ।

नेपालका संरक्षित क्षेत्रमध्ये एकमात्रै शिकार आरक्षका रूपमा रहेको ढोरपाटन शिकार आरक्षमा पर्ने सो आयोजनालाई सरकारले वर्षात्को पानी जम्मा गरेर हिउँदमा विद्युत् उत्पादन गर्ने गरी तयारी गरेको छ । फटाफट काम होस् भन्ने स्थानीयवासीको चाहना छ तर जलविद्युत् आयोजना असाध्यै जटिल प्रकृतिको भएकाले पनि अध्ययनमा लामो समय लाग्छ । सो विषयलाई प्राधिकरणले स्थानीयवासीलाई बुझाउन समय लगाएको छ । त्यसकारण उनीहरुमा आशङ्का पैदा भएको छ ।

चारैतिर पहाडले ढाकेको ढोरपाटन उपत्यकालाई यतिखेर हिउँले ढाकेको छ । चिसो ठिही पनि उस्तै छ । हिउँ नै हिउँको पहाड पार गरेर आएका स्थानीयवासी मन्त्री पुनकै मुखबाट आयोजनाको प्रगति सुन्न लालायित थिए । आफ्नो जीवनकालमा नै आयोजनाले ल्याउने समृद्धिको प्रत्यक्षदर्शी बन्न उनीहरु आतुर देखिन्थे । त्यहीमध्येका एक हुन्, रामबहादुर घर्ती ।

उनले भने, 'हामी त असाध्यै आशावादी छौँ, आयोजना समयमै अगाडि बढ्छ भन्नेमा तर बीचबीचमा आउने अनेकन हल्लाले समस्या पारेको छ । त्यसको उचित सम्बोधन होओस् ।'

स्थानीयवासीलाई आफूले भेडा चराउने खर्क मासिएला कि भन्ने चिन्ता छ । यस्तै पाटनको सौन्दर्य हराउला कि भन्ने उस्तै चासो मिश्रित आशङ्का पनि छ । हिमाली क्षेत्र आफैँमा सुन्दर छ । संसारभरका पर्यटक ढोरपाटन ल्याउन सके त्यसबाट आर्जन हुने विदेशी मुद्राको लोभ पनि उत्तिकै छ । आयोजना बने ढोरपाटनमा थप सुन्दरता थपिएला र विदेशिएका बागलुङवासी फेर्कर आउलान् भन्ने उनीहरुको अपेक्षा छ ।

प्राधिकरणको सहायक कम्पनी उत्तरगंगा पावर कम्पनीले निर्माण गर्न लागेको उत्तरगंगा जलविद्युत् आयोजना निर्माण गर्दा प्राकृतिकरूपमा नै नदी बहाव हुने गरी निर्माण गर्न यसअघि नै माग भएको छ ।

सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पार्नका लागि परामर्शदाता छनोटको प्रक्रिया अगाडि बढाइएको छ । जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग(जाइका)ले गरेको प्रारम्भिक अध्ययनमा सो आयोजनाको क्षमता ३०० मेगावाट हुने देखाएको थियो तर ऊर्जाको उपलब्धता तथा प्रविधिमा आएको परिवर्तनले गर्दा आयोजनाको क्षमता बढाएर ८२८ मेगावाटसम्म बनाउन सकिने देखिएको छ ।

थोरै बस्ती उठाउनुपर्ने तथा खेतीयोग्य जमीनसमेत कम प्रभावित हुने भन्दै प्राधिकरणले सो आयोजनालाई आकर्षक आयोजनाका रूपमा राखेको छ । आयोजनामा जम्मा हुने पानी कर्णाली नदीमा नै खसाल्ने कि कालीगण्डकीमा नै खसाल्ने भन्ने विवाद रहेको छ । गण्डकी प्रदेशले सो आयोजनाको पानी कालीगण्डकी जलाधार क्षेत्रको भएकाले कालीगण्डकीमा नै खसाल्नुपर्ने बताउँदै आएको छ भने प्रदेश नं ५ र कर्णाली प्रदेशले भने पानी कर्णाली नदीमा नै खसाल्नुपर्ने बताउँदै आएका छन् ।

बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका र निसिखोला गाउँपालिका तथा रुकुम पूर्व जिल्लाको पुथा उत्तरगंगा गाउँपालिकाको सिमानामा आयोजना निर्माण गर्ने तयारी गरिएको छ ।


## Romania मा रोजगार | कम्पनी: WORKINRO IMMIGRATION SRL शहर : ROMANIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२१ चलानी नं.: ६०१५११०८ LT. No.: 232560

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Helper | 50 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ६९,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Unqualified Worker | 20 | 0 | | 550 | ६९,२६० | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 650 | ८१,८५५ | | | | | | | |
| 4. | waiter | 10 | 0 | | 550 | ६९,२६० | | | | | | | |
| 5. | Cleaner | 15 | 0 | | 550 | ६९,२६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २९ गते (12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**K.D. OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1253/074/075
Tokha-10, Basundhara, (Opp. Basundhara Petrol Pump) Kathmandu, Tel: 4365264, 4365983
